www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY

abhiyan.weekly@yahoo.com

वर्ष : ३६ / अंक : १४ / २०७५ कातिक १६ गते शुक्रबार/ 2 Nov., 2018 / मूल्य रु. १०/-

## सहभागी होला राजपा सरकारमा



काठमाडौ । नेपाल कम्युनिष्ट पार्टी (नेकपा)ले प्रतिनिधिसभाको निर्वाचनमा एक्लै बहुमत ल्याएपनि उसले आफ्नो नेतृत्वमा बनेको केपी ओली सरकारमा संघीय सरकारमा अन्य पार्टीहरूलाई सहभागि गराउने भएको छ । संघीय संसदमा जम्मा ४ वटा पार्टीले मात्र राष्ट्रिय पार्टीको मान्यता पाएपछि नेकपाले कांग्रेस बाहेकका अन्य पार्टीलाई सरकारमा सहभागि गराएर नेपाली कांग्रेसलाई एक्ल्याउने रणनीतिका साथ राजपालाई समेत सरकारमा सहभागि गराउने रणनीति लिँदै आएको छ ।

प्रधानमन्त्री केपी ओली र पुष्पकमल दाहालले पटक पटक राजपाका नेताहरूलाई सरकारमा सहभागि हुन आग्रह गरिरहेका छन् । त्यसै क्रममा राजपाका नेताहरूले आफ्नो पार्टीको माग

>>> बाँकी ८ पेजमा

## ओली सरकारले राम्रो काम नगरेको सत्य हो

# तर नराम्रो काम पनि गरेको देखिँदैन

काठमाडौ । नेपाल कम्युनिष्ट पार्टी नेकपाका दुई अध्यक्ष मध्येका एक अध्यक्ष केपी ओलीको नेतृत्वमा सरकार गठन भएको आठ महिना पुरा भएको छ । यस अवधिमा सरकारले केही राम्रा कामहरू समेत गरेको देखिँदैन । ओली नेतृत्वको सरकारमाथि विभिन्न प्रकारका आरोपहरू लागेपनि कसैले पनि देशहित विरूद्धमा के गऱ्यो सरकारले भनेर कसैले प्रष्ट रूपमा भन्न सकेका छैनन् । लोकतान्त्रिक व्यवस्थामा राम्रा र नराम्रा सबै कामको जिम्मेवारी प्रधानमन्त्रीले लिनुपर्ने हुन्छ मन्त्रीहरू भनेका प्रधानमन्त्रीका सहयोगी र सहायकमात्र हुने भएकाले मन्त्रीहरूले गर्ने गरेका काम कारबाहीको जिम्मेवारीसमेत प्रधानमन्त्रीले लिनुपर्ने हुन्छ त्यसैले सरकारको नेतृत्व गर्ने व्यक्तिको सरकार भनिएको हो । अहिले हामीकहाँ केपी ओलीको नेतृत्वमा सरकार भएको हुनाले ओली सरकार भनिरहेका छौं ।



सरकारले राम्रो काम गर्न नसकेको पक्का हो । दुई तिहाई भन्दा बढीको समर्थन प्राप्त सरकारले राम्रो काम गर्न सक्नुपर्दछ तर पछिल्लो समयमा ओली सरकारमाथि ३३ किलो सुन काण्ड र कञ्चनपुरकी १३ वर्षीय बालिका निर्मला पन्तको बलात्कार र हत्यापछि कलंकको दाग लागेको छ । सरकारले पन्तको बलात्कार र हत्यामा संलग्न भएका अपराधीहरूलाई कानुनी दायरामा ल्याउन नसक्नु सरकारको कमजोरी हो । छोटो अवधिमै अहिलेकै अवस्थामा सरकारलाई असफल भयो भनेर भनिहाल्नु अलिक हतारो हुनसक्छ । सरकारको नेतृत्वकर्ता पार्टीभित्रैबाट सरकारको आलोचना हुन थालेपछि प्रमुख प्रतिपक्षी दल लगायत अन्य दलहरूले आलोचना गर्नु स्वाभाविकै हो । सत्ताधारी दलका वरिष्ठ नेताहरूनै सरकारलाई घेराबन्दी पार्ने काममा उद्दत भएका छन् । त्यसै क्रममा नेकपाका अर्का अध्यक्ष पुष्पकमल दाहाल समेत सरकारको विपक्षमा बोल्दै हिडेका छन् । पार्टीको अध्यक्ष भएका नाताले उनले सरकारलाई निर्देशन दिन सक्छन्, पार्टीको बैठक डाकेर त्यहीबाट पार्टीलाई जनताको पक्षमा काम गर्न निर्देशन दिनुको सट्टा सार्वजनिक रूपमा सकारको आलोचना गर्न थालेका

>>> बाँकी ८ पेजमा

## पप्पु कम्पनी ह्वाइट लिष्टमा

काठमाडौं । ठेक्का लिएर काम नगर्ने, हेलचेक्र्याइ गर्ने, ढिलासुस्ती गर्ने, गुणस्तरहीन काम गरेर राज्यलाई हानी नोक्सानी पुऱ्याउने निर्माण कम्पनीहरूको विश्लेषण पछि सरकारले १५ कम्पनीलाई ब्ल्याकलिष्टमा सूचीकृत गरेको छ । आश्चर्य पप्पु निर्माण कम्पनी ह्वाइट लिष्टमा परेछ, ब्ल्याक लिष्टमा उसको नाम छैन ।

बबई देखि १५ पूल निर्माणमा कम गुणस्तरहीन काम गरेको, काठमाडौं कालिमाटीस्थित पुल नै कम गुणस्तरको भएपछि भत्काउन आदेश पाइसकेको पप्पु कन्स्ट्रक्शन कसरी ह्वाइट लिष्टमा पऱ्यो होला ? भएछ के भने प्रचण्ड बसेको घरवाला पनि ठेकेदार, उसैको सेटिङमा पप्पु कन्स्ट्रक्शन व्लयाक लिष्टमा नपरेको रहेछ । प्रधानमन्त्री ओलीको सुशासन र समृद्धिको यो एक झलक हो ।

## प्रधानन्यायाधीश कस्ता कस्ता ?



काठमाडौं । पूर्व प्रधानन्यायधीश गोपाल पार जुलीको अवकाश मिति कहिले २०७४ साउन २१ कि फागुन ३० ? सर्वोच्च अदालतले नै अवकाश मिति साउन २१ कायम गरिसकेको स्थितिमा प्रधानन्यायाधीश ओमप्रकाश मिश्रले फागुन ३० कायम हुनेगरी तोक हानिदिएछन् । न्याय परिषदको बैठक नै नबसी यसरी प्रधानन्यायाधीशले तोकआदेश दिनु अवैधानिक

>>> बाँकी ६ पेजमा

## दाहालले फेरि बोले झुठ



काठमाडौ । नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्ष पुष्पकमल दाहालले चितवनमा पुगेर अर्को अध्यक्ष केपी ओली नेतृत्वको सरकारका बारेमा प्रश्न उठ्न थालेको स्वीकार गरेका छन् । अध्यक्ष दाहालले चितवनमा दशैं तिहार लगायतका पर्वहरूका अवसरमा भरतपुरमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा उक्त कुरा बताउँदै सरकारले आफ्नो काम गरिररहेको बताएका छन् ।

सरकारले जति गर्नुपर्दथ्यो त्यति गरेनकी भन्दै अध्यक्ष दाहालले पार्टी एकता जति छिटो हुनुपर्दथ्यो त्यति भएन कि भन्दै धेरै मानिसको मनमा त्यस्ता प्रश्न उठेको बताएका हुन् । नेकपा चितवनले उक्त शुभकामना कार्यक्रमको आयोजना गरेको थियो । पार्टी एकताको तल्लो तहको काम केही दिनभित्रमा टुँगिने बताउँदै पूर्वाधार तयार पार्ने विषयमा केही महत्वपूर्ण काम भएको बताएपनि त्यस्ता महत्वपूर्ण कार्यहरू के के हुन् भन्नेमा चाँही उनले प्रष्ट पारेनन् । भारत चीन दुवै देशसँग आर्थिक विकासका लागि सम्बन्धमा सुधार आएको उनको भनाई थियो । उच्च विकासको त्यस्तो परिस्थिति आउन लागेको बताउँदै अध्यक्ष दाहालले संविधानले व्यवस्था गरेको मौलिक हक

>>> बाँकी ६ पेजमा

## गृहमन्त्रीको राजिनामा मागियो



काठमाडौ । गत श्रावण १० गते कञ्चनपुरकी १३ वर्षीय बालिका निर्मला पन्तको बलात्कार र हत्या भयो । हत्या भएको ३ महिनाभन्दा बढी भएपनि आजसम्म सरकारले बलात्कार र हत्यामा संलग्न भएका

>>> बाँकी ८ पेजमा




## जनताका मनमा बस्न सक्ने प्रहरीको आवश्यकता

काठमाडौ । नेपाल प्रहरीलाई मुलुकको शान्ति सुरक्षा गर्ने जिम्मेवारी राज्यले दिएको छ । त्यही जिम्मेवारी पुरा गर्ने दायित्व निभाउनका लागि नेपाल प्रहरीले (कार्तिक ११) समुदाय प्रहरी साझेदारी अभियान सुरू गरेको छ । गृहमन्त्री राम बहादुर थापाले उक्त अभियानको सुरूवात गर्दै भने अपराध न्यूनीकरण सुरक्षा व्यवस्थापनमा सहयोग स्थानीय तहबीच समन्वय गर्ने अभियानको उद्घाटन गरेका छन् । यस अभियान अर्न्तगत स्थानीय तहमा जनप्रतिनिधि सामुदायिक र अन्य




संघ संस्थाको साझेदारीमा विभिन्न कार्यक्रम सञ्चालन गरिने भएको छ । गृहमन्त्री थापाले समाजमा रहेका व्यक्तिलाई विना बर्दीका प्रहरीको भूमिकामा ल्याउन यस्तो अभियान थालिएको बताएका भएपनि यसभन्दा धेरै वर्ष पहिला नेपाल प्रहरीका तत्कालिन महानिरीक्षक डिबी लामाले नेपाली जनतालाई विनावर्दीका प्रहरी भनेका थिए ।

पछिल्लो समयमा नेपाल प्रहरीप्रति जनताको विश्वास घट्दै गएको भएपनि प्रहरीलाई नै विश्वास

>>> बाँकी ८ पेजमा

# Chinas game changer BRI

**C Kiran**

IN South Asia the countries overpowering the virtual colonization enacted by westerners which is prevailing in different forms and manifestations .The South Asian countries has been trying to enlighten and to exercise pure liberty and to elevate the people lifestyles to achieve the goal of prosperity. It is somewhat evident as the colonial practices are vastly executed to create and ruin the governments that have only paved the sense of deprivation. The China has been emerging as the new economic power of the region. The Chinese policy makers have not only prospered her own country and have devised policy to involve the surrounding countries to share the benefit of her prosperity. The BRI initiative has vision of prosperity and welfares of poor masses of the region in the form of connectivity. China Pakistan Economic Corridor (CPEC) is a multi-dimensional and mega developmental project worth $46 billion (initial) investment. It is envisaged under the China's One Belt One Road (OBOR) policy initiated by Xi Jinping. Its core areas of focus are developmental and infrastructural projects; working on power projects, fostering industries, building economic zones, constructing roads, railway lines, highways, motorways and developing ports as well. In other words, CPEC is a long-term socio-economic transformation, integration and cooperation strategy. It is aimed at connecting Asian, African and European countries through a profound network of highways, railways and roads.

On Pakistan's side, it is undoubtedly a game changer and has the potential to boost Pakistan's crippling economy, improve infrastructure, expedite trade and commerce activities, overcome energy crisis, alleviate poverty, generate excellent employment opportunities and usher Pakistan in the era of social, economic and political development. According to the recent presentation (CPEC: Its impact on Pakistan's economy) by Ashfaque H Khan, "CPEC has the potential to transform Pakistan into a regional hub for trade and investment and provide a unique opportunity for Pakistan to boost its strategic and economic position". There is no denying the fact that this mega project has numerous potential benefits for Pakistan. They range from improvement of infrastructure to the enhancement of trade and business, wider cooperation to regional connectivity, creation of job opportunities to the alleviation of poverty, fulfilment of power deficit to the industrial development, advancement of truism to expansion of FDI, deepening of ties to bilateral relations and resultantly, a sustainable economic growth in the long run.

It is evident, under CPEC new schools, colleges, railways and economic and strategic routes will be built. They as a result will open new avenues for our country at all fronts. This economic corridor will link Gwadar (Balochistan, Pakistan) to Kashgar (China) that will upgrade Gwadar seaport and uplift Balochistan at strategic and economic fronts ultimately. In addition, CPEC route will be a gateway for trade among China, Middle East, Africa and Central Asia after construction. The improved infrastructure will make Pakistan a strategically important country in the region with enhanced trade and commercial connectivity between Asia, the Middle East and Europe. Moreover, China Pakistan Economic Corridor (CPEC) aims to bolster wider regional connectivity and cooperation. According to news reports, "CPEC can become an economic connectivity and development model for OBOR countries".

Furthermore, China Pakistan Economic Corridor (CPEC) will potentially help Pakistan in curtailing unemployment through the creation of new job opportunities. According to news reports, CPEC will directly create 700,000 jobs till 2030. In turn, a major chunk of Pakistan's population will find suitable jobs and will enter the workforce.

Similarly, CPEC will also play an instrumental role in the alleviation of poverty in Pakistan by curbing unemployment and economic disparity. This development project will improve living standards, bring stability and progress in the country. The famous British scholar, Anatol Lieven says; "There is no doubt that continued economic development is the key to a strong Pakistan. The Corridor will help alleviate poverty in Pakistan by creating new business and job opportunities". Additionally, this project's one of top agendas is addressing Pakistan's looming energy crisis. Approximately, $ 34 billion are to be invested for power generation through building coal, hydro, wind and solar power plants. In doing so, almost 17,000 MW energy will be generated by the installation of these power plants that can really go a long way towards solving the power deficit in our homeland. It is believed that electricity is the wheel of socio-economic progress and industrial development. Thus, CPEC's energy generation projects will ensure uninterrupted power supply and improve the efficiency of industries.

Meanwhile, due to CPEC and the improved infrastructure and economic stability, our tourism sector will also improve. Likewise, foreign direct investment (FDI) will also rise. A news report reveals that "The CPEC commitment and financial flows have helped accelerate Pakistan's GDP growth rate from 3.7 to around 5.7 per cent; its stock market is the best-performing in Asia; it has been reclassified as an emerging rather than frontier market, and western companies are now open to investing here".

Doubtlessly, CPEC will further deepen this friendly relationship and strategic partnership between China and Pakistan. Another report suggests that "CPEC is a golden opportunity for Pakistan to foster political cooperation, deepen bilateral relations, gain mutual benefits and achieve win-win outcomes". Beyond any doubt, CPEC will strengthen economic and political cooperation and mutual understanding between both states. There is no doubt that China Pakistan Economic Corridor is a harbinger of economic development, stability and prosperity for Pakistan. It has the potential to bring about long-term economic progress in Pakistan.

According to the International Monetary Fund (IMF), "CPEC can help close Pakistan's power deficit, significantly improve its fuel mix, and boost GDP by adding $13 billion in 7 years". Besides, the eminent British scholar, Anatol Lieven says; "CPEC is an economic breakthrough for Pakistan, and if it works out can generate as much as three or four times the initial $46 billion investment". Most importantly, this project is expected to significantly contribute in the annual economic growth rate of Pakistan that will truly result in economic boom in the country.

It is a fact that this mega project can be a catalyst for economic advancement and social prosperity of Pakistan in the long run; if internal and external challenges to it including security, law and order situation, corruption, transparency and accountability, provincial harmony and political stability are tackled. Pakistan will be reaping greater benefits from economic corridor in coming years if CPEC's resources are utilized in a transparent and a responsible manner. The BRI is liberating the South Asia from the virtual colonization that has still been exercising in South Asian nations one way or the other.

# India's State Terrorism

**Jil**

Indian intelligence agency RAW has been planning terror acts through sub-nationalists organizations and militants of banned TTP in Balochistan, FATA and other parts of Pakistan. Yet, it accuses Pakistan of almost every terror incident in India, and spares no opportunity of berating Pakistan to get Pakistan declared as a state that sponsors terrorism. India has been working on various strategies. However, after realising the infecundity of Cold Start Doctrine India evolved a new strategy to stir violence in Balochistan and elsewhere in Pakistan. However, with the arrest and confessional statement of RAW terrorist Kulbushan Yadev, India stands fully exposed, as Pakistan has now concrete evidence of India's vile activities and state terrorism. Pakistan has rightly taken up the matter with Iran, and sought its help to arrest Kulbhoshan's accomplices. The government should send delegations to important capitals of the world to apprise of India's state terrorism. India considers Pakistan as an impediment to its ambitions to have a big power status in the region and beyond. To neutralise Pakistan, India's other part of the strategy is to boost ties with the countries Pakistan has had close relations i.e. US, Saudi Arabia, UAE and Iran. In the past, Pakistan had stood by Iran and supported its right to use nuclear technology for peaceful purposes. In November 2009, India had joined the US in voting against Iran in a resolution passed by UN atomic watchdog IAEA censuring Iran over its controversial nuclear program, and demanding to stop uranium enrichment. At a meeting of the 35-member board of governors of the International Atomic Energy Agency (IAEA) in Austrian capital Vienna, 25 countries had voted in favor of the resolution spearheaded by the US. Earlier, India had voted against Iran in September 2005 and February 2006, whereas Pakistan had abstained. Of course, Saudi Arabia and Iran have every right to decide about the extent of their relationship with India. The question is: if Saudi Arabia and Iran can have good relations with India at the same time, why Pakistan cannot have good relations with both brotherly countries. Pakistan has always stood by Saudi Arabia, and joined the 34-countries Saudi Arabia-led alliance. It enjoyed excellent relations with Saudi Arabia except once adverse reaction when Pakistani Parliament ruled that Pakistan should not become a party to the conflict between Iran and Saudi Arabia over Yemeni crisis, and should rather play a reconciliatory role. Anyhow, during Indian Prime Minister Narendra Modi's visit to Saudi Arabia, King Salman bin Abdulaziz conferred on him the prestigious award, and inked agreements on intelligence sharing in addition to trade and other agreements. One analyst said there is a message for Pakistan that Pakistan should do what the kingdom wants it to do. Pakistan should not worry, as Saudi Arabia understands the importance of Pakistan, and how Pakistan stood by Saudi Arabia in the past, and had stationed two brigades to ward off any internal and external threats. Even now Pakistan is committed to support Saudi Arabia in the event of internal or external threats. Of course, those Pakistanis who support Saudi Arabia and wish to support the brotherly country in case of internal trouble or in the event of foreign aggression expect of Saudi Arabia to condemn India's sponsored terrorist acts in Pakistan. Unfortunately, Iran and Saudi Arabia kept mum over involvement of Indian RAW in vile activities to destabilise Pakistan, and has not censured India after the arrest of RAW's terrorist Kulbushan Yadev. The question is whether they will support Pakistan, or at least tell India to abstain of its vile acts using their soil? Fact of the matter is that India is a big country with a lot of resources, and a market of 1200 million people. And no country in the world would like to ignore or annoy it. Last year, Pakistan had handed over dossiers of India's involvement and support to the Baloch sub-nationalists organisations to the UN and also to the United States. But they did not say a word, not to speak of investigating the allegations Pakistan made. UN Secretary General Ban Ki-moon was asked by a media man about the dossier Pakistan had handed over. Instead of answering, he said that he wished to see good relations between India and Pakistan. Pakistan has to understand that all countries of the world, especially US, EU, Iran or Saudi Arabia, set their priorities keeping in view their needs and national interests. On the other hand, Pakistan has been advancing interests of the US and so-called friendly countries. Of course, it is because of dependency syndrome that Pakistan is obliged to buckle under various kinds of pressures. Our economic crisis is the result of continuous plunder and mismanagement of resources by the unscrupulous pack of leaders. How can we claim to be a free and sovereign nation when the basic economic decisions are dictated by international lenders? There is no denying that the economy is in dire straits; corruption is rampant not at the top level but lower levels and majority of the people are living below the poverty line. Therefore, Pakistan has to focus on elimination of corruption, revival of the economy and building up the capacity to pay back foreign loans, instead of taking more loans. It should be borne in mind that by piling up the debt mountain, Pakistan may one day fail to pay the loans and interest. Pakistan military has been able to decimate the infrastructure and hideouts of the terrorists, and both civil and military leadership is resolved to root out the menace of terrorism from its soil. There is a redeeming feature, that India is drawing flak for its policies towards minorities, and Indian media is already actively highlighting the radicalization of Indian Society, pathetic state of Minorities in India and its eroding secularism. Anyhow, Pakistan should seek fresh avenues of regional cooperation. Regional forum, including China and Central Asia will be a great platform to coordinate efforts to fight terrorism. China and Pakistan are partners in the CPEC project; however, there is need to sensitise china on the Indian efforts to spoil Pak-China friendship and cooperation.

# प्रसङ्ग राजा महेन्द्र र सोभियत राष्ट्रपतिको



• राजन कार्की
rajan2012karki@yahoo.com

राजा महेन्द्र विकासवादी राजा हुन् । जतिसुकै निरंकूशताको कल्की पहिराए पनि ५० वर्षपछि पनि महेन्द्रले तैयार पारिदिएको विकासका बाटाहरूमा हिड्न बाध्य भएका राजनीतिकर्मीहरूका लागि महेन्द्र प्रेरणाका स्रोत नै हुन् ।

प्रचण्डले कहिल्यै दौरा सुरूवाल, कोटमाथि टोपी लगाएनन् । उनी सुटेड बुटेड कम्युनिष्ट हुन्, टाइमाथि टोपी लगाउँछन् । उनको लवाइ, खवाइ, हिडाइ र बोलाइ देख्ने आमनागरिक अचम्म मान्छन् । उनलाई कुम हल्लाउनै पर्ने, मने मने भन्नैपर्ने, खान्की राजर्षी नै चाहिने, लवाई टाइसुटमाथि टोपी । ऐतिहासिक नेता प्रचण्ड, दुईपल्ट प्रधानमन्त्री भइसके, तेश्रो पल्ट प्रधानमन्त्री बन्ने कसरतमा जुटेका छन् । प्रश्न को कति पटक प्रधानमन्त्री भयो भन्ने रहेन । प्रश्न जनआन्दोलनले यति ठूलो परिवर्तन ल्यायो, राजसंस्था र हिन्दुधर्म फाल्यो भन्ने पनि रहेन । प्रश्न नेतामा नैतिकता बाँकी छ कि छैन, देशभक्ति कति छ, जनताप्रतिको जिम्मेवारी बोध र निर्वहन गरेको छ कि छैन भन्ने हो । देशमाथि आन्तरिक र बाह्य रूपमा जतिसुकै घात र हस्तक्षेप भए पनि पटक्कै जिब्रो नचलाउने नेताका कारण राजनीति व्यापार हुनपुगेको छ । राजनीति व्यापार भएपछि जो सत्ताधारी भए के नभए के ? आखिर देश र जनता दुईधारे तरवारकै सिकार हुने न हो ।

राष्ट्रिय परिवेश बुझ्नु, राष्ट्रको भेषमा गर्व गर्नु, राष्ट्रियतामा तलमाथि हुन नदिनु र लोकतान्त्रिक गरिमा र महिमामा अविचल हुनसक्नुपर्थ्यो । प्रचण्ड, ओली अथवा देउवा यी तीन तत्व छन्, तिनै तत्व विचलित, विश्रृंखलित र विचारहीन छन् । रह्यो मधेशवादी दलहरूको सवाल । उनीहरू त जसरी पनि मधेश टुक्र्याउने एकसूत्रीय अभियनमा लागेका छन् । त्यसैले संविधानअनुसार शासन गर्छन्, सांसद भएका छन्, संविधानमा आगो झोस्छन्, नेपाल बहुल राष्ट्रवादी मुलुक हो भन्छन्, सीके राउतजस्ता मधेश अलग देश भन्नेसँग सहकार्य गर्छन् । भारत त्यही चाहिरहेको छ, यता त्यही भइरहेको छ र संविधानको रक्षक, संरक्षक भनिने मुख्य दल, तिनका माउतेहरू घाइते अवस्थामा मौन बसिरहेका छन् । तैपनि यिनीहरू लोकतान्त्रिक गणतन्त्रको झ्याली पिछ्न छाड्दैनन् । लोक कहाँ छ, गण कहाँ छ, तन्त्र भारतको जन्तरमन्तरमा छ कि भारतीय दूतावासभित्र बन्दी छ, छुट्याउन सकिन्न । यसकारण राष्ट्रियतामाथिको, जनजिविकामाथिको बढ्दो हमलाको प्रतिवाद शून्य छ ।

फिदिमको दीपज्योति स्कूलमा दौरा सुरूवाल र टोपी, गुन्यूचोलो स्कूल ड्रेस बनेको छ । स्कूल ड्रेसकै कारण त्यो स्कूल नेपालभरि आकर्षणको केन्द्र रहेको छ । राजनीतिमा राष्ट्रप्रतिको सोचमा, लवाई खवाइमा, रहनसहनमा, विधिव्यवहारमा त्यस्तो नेकहिले देख्न पाइएला ? नेपालीत्वमा खिया लाग्नुमा नेपाली नेताहरूको ख्यालठट्टा जिम्मेवार छ । अन्यथा नेपालको संस्कृति र परम्परा यति धनी छ कि विश्व समुदाय लालायित हुनेगरेका अनेक उदाहरण छन् । राजनीति बाइफाला बन्दै गएको छ ।

वीरका गाथा इतिहासमा सिमित रह्यो । जनयुद्ध, जनआन्दोलनका घटना रोमाञ्चक कथामात्र रहे । इतिहासका घटनाक्रमलाई घोडा चढेर केही प्रभावशाली नेताहरू सत्ता र शक्तिको कमोत गर्न चाहनु भनेको सेक्सपियरको नाटकमा ब्रुटालिटी हुनुजस्तै हो । हाम्रो लोकतान्त्रिक राजनीतिक फाँटमा राजनेता बन्नुपर्ने व्यक्तिहरू जनचाहना, जनइच्छा, राष्ट्र र राष्ट्रिय एकताका लागि ब्रुटसको ब्रुटालिटी बनिरहेका छन् । नेता फालाफाल जहुनु तर एकजना पनि राजनेता जन्मन नसक्नु भनेको राजनीतिकै दुर्भाग्य हो ।

राजनीतिले इमान र नैतिक पाठ पठाउन सकेको भए राजनेता जन्मने थियो । सिकाएको पाठ भनेको दूराचार, विभेद, भ्रष्टाचार, अनैतिकतामात्र छ अनि कसरी राजनेता जन्मन्छ ? बीउ अर्थात सिस्नाको घारी रोपेर दूवो उम्रदैन ।

देउवा गएर के भो ? प्रचण्ड आएर के भो, ओलीले भाषणको गोली छाडेरै के भो ? देउवाको उदयकालमा समाजवाद तिखारिएन । गाईको पूजा गर्ने राप्रपाको प्रभावपूर्ण बिरोध नहुँदा गाई काटेर खान पाउनुपर्छ भन्ने पद्मरत्न तुलाधरहरूका आवाज ठूलै हुँदै गएको छ । संसदबाट जनतन्त्र स्थापित गर्ने माओवादी र एमालेको नयाँ रसायनको उत्पादन सुरूमा अचम्म थियो, अहिले आएर पानी पानी देखिन्छ । राजनीति शास्त्रमा यस्तै अनपेक्षित रसायनशास्त्रको श्रृंखला जारी छ, अर्को श्रृंखलाले जन्म लियो भने आश्चर्य नमाने हुन्छ । राजनीति निरन्तर चलिरहेको छ । जो जेल जानुपर्थ्यो, ऊ सत्तामा पुग्छ, जो सत्तामा पुग्नुपर्थ्यो, ऊ धुलिसात भइरहेको देखिन्छ यिनले नयाँ नेपाल कसरी बनाउलान् ? जनताले समृद्धि र सुशासनका लागि बहुमत दिए, बहुमत बलाएर छुट्टी छ । सच्चा बोल्ने चित्रबहादुर र कच्चा बोल्ने महन्थ ठाकुर जब एउटै डालोमा अटाउँछन् र एउटा नेपालमा मधेस गन्छ र अर्को मधेस अलग देश भन्छ, एउटा संघीयता चल्दैन भन्छ, अर्को संघीयता नभइहुन्न भन्छ, यिनीहरू न बिधिमा बस्छन्, न राष्ट्रमा विधिको शासन चलाउँछन् ।

हाम्रा ठूला राजनीतिक दलहरूलाई सडकदेखि संसदसम्म, सिंहदरवारदेखि सर्वोच्च अदालतसम्म जतातत‌ै राजनीति फलाउनु फुलाउनु छ । राजनीतिकरण गर्नसके महारथ प्राप्त हुने यिनको धारणा कति गलत छ भने नेपालबाट समानता, समानुपातिक, न्याय र कानुन व्यवस्थासमेत ध्वस्त नष्ट हुनथालेको छ । जता हेर्‍यो उतै राजनीति, राजनीतिक भ्रष्टाचार । अनियमितताको हाँगो समातेपछि जे पनि सम्भव हुने तन्त्र लोकतन्त्र बनेको छ । विकृतिले हद नाघ्यो । सुकीर्ति देख्न पाइएन ।

आज पनि ठूला दलहरू दिग्भ्रमित छन् अथवा राजनीतिक स्वार्थप्रेरित भएर थाहा नभएजस्तो गर्छन– जात, गुट, क्षेत्र, भाषाको वकालत गरिरहेका छन् । अहिले एकाएक नेपाललाई अल्पमतमा पार्नेगरी विदेशीलाई नागरिकता खुला गर्ने संशोधन बिधेयक संसद पुगेको छ । आमजनता, विज्ञहरू सडकमा छन्, हुन्न भनिरहेका छन्, ओली झन शक्तिशाली हुनका लागि नागरिकता विधेयकमा आत्महत्या गर्न तैयार भएको खबर सार्वजनिक भइरहेको छ । यो कस्तो लोकतन्त्र हो ? एक त अखण्ड नेपाललाई खण्ड खण्ड पारिदैछ, त्यसमाथि नेपालीत्वको बिखण्डीकरणको जग खनिदैछ । अव त खुलेआम मधेस देश भन्न थालिएको छ । नागरिकता विधेयक पारित भएपछि के मात्र नहोला ?

राष्ट्रसंघका १ सय ९२ सदस्यमध्ये २८ राष्ट्रमा संघीयता छ, तिनमा कति सफल, कति असफल त्यसको पनि लेखाजोखा गरिएन र नेपाललाई संघीयतामा लगियो । सानो देश, १ सय २६ जातिको देशमा संघीयताले जुन तिक्तता बढाएको छ, यसबाट नेपालको सबैभन्दा बलियो शक्ति नेपाली एकता खण्डित हुनपुगेको छ । राजनीतिक दलहरूलाई अझै हेक्का छैन, असफल भइसकेपछि पनि पन्चर भएको गाडी घिसारेझैं यही संघीयता संविधान कार्यान्वयनका नाममा घिसारिरहेका छन् । राष्ट्रलाई स्वावलम्बी, सक्षम र आत्मनिर्भर बनाउन छाडेर परावलम्बी, परजीवी बनाइरहेका छन् । नेताको, व्यक्तिको, तिनका परिवारको सम्पन्नतामात्र देशको विकास होइन भन्ने चेत फिर्ने कहिले ? आफूलाई लाभ भयो भन्दैमा त्यही लाभमा भुलिरहने ?

एउटा प्रसंग छ– २०२८ सालको । राजा महेन्द्रले मस्को भ्रमणमा गएका थिए । सोभियत राष्ट्रपति निकोलाई भी. पोदगोर्नीले रात्रिभोजमा रमाइलो गर्दै राजा महेन्द्रलाई सोधेछन्– नेपालको उत्तर र दक्षिणमा चीन–भारत जस्ता मोटामोटा छन् । सरकार त पातलो होइबक्सन्छ । राजा महेन्द्रले पनि हाँस्दै जवाफ दिएछन्– पातलो माहुतेले मोटामोटा हात्तीलाई तह लगाउँछ । होइन र महामहिम ? तर आज उत्तर दक्षिणले नेपालको राजनीतिलाई तान्त्रिकले तह लगाएझैं उठबस गराइरहेछ र हाम्रा नेताहरू लम्पसारवादमा स्खलन भइरहेका छन् । भारत उत्तरी सुरक्षाकेन्द्र हिमाल भन्दै थियो, अव भारतले नेपाललाई छाता ओढाइदिएको छ । उत्तरले लिपुलेकबाट भारतसँग व्यापार गर्ने भनेर सम्झैता गर्‍यो, ३ वर्षदेखि नेपालले चुँ बोल्न सकेको छैन । लोकतान्त्रिक नेपाल यसरी खुम्चियो ।

राजा महेन्द्र र वीरेन्द्रको कालखण्ड थियो, जतिबेला नेपालले के बोल्छ भनेर राष्ट्रसंघका सदस्यहरू कान ठाडो पारेर सुन्थे । राजतन्त्र किनारा लगाएको भारतले नेपाललाई सुन्नै नपर्ने मुलुकमा साँघुर्‍याइदियो । नागरिक सर्वोच्चताको भाषण गरेर नथाक्नेहरू राष्ट्रको सर्वोच्चता यसरी विदेशमा बन्दकी राखेर आउँछन् र तिनै राजाहरूलाई गाली गरेर राजनीतिक स्वार्थ शिद्ध गरिरहेछन् । लोकतन्त्रमा लोकको सम्मान आर्जन गर्न नसक्ने कायर हरूको राज लोकले कहिलेसम्म सहिरहने ? हुन त कुनै बेला भद्रकाली मिश्र थिए जसले नेपालमा भारतीय सेना भित्र्याए । क्याविनेटमा राजदूत बस्थे, क्याविनेट सचिव भारतीय प्रतिनिधि हुन्थ्यो । ती दिन छिमोल्दै स्वतन्त्रताको महल बनाएको राजतन्त्रको निरंकूशता फाल्ने आवरणमा राजतन्त्र नै फाल्नेहरूले अव मुलुकै फाल्छन् कि भन्ने त्रासदी फैलिन थाल्यो ।

एक युवाको कथन छ– राणा शासन र लोकशासनमा के भिन्नता आयो र खोई ? नेता र तिनका आसेपासेलाई रमाइलो, अरूलाई दुःखपीडा, डाहा छटपटी । विकारै विकार भरिएको गिदी भएकाहरू शासनमा पुग्ने रहेछन्, बाँकी जनताको शोषणमा जुट्ने रहेछन् । यस्तो बेहाल, बेथिति त राणाशासनमा पनि थिएन, जो अहिले सर्वत्र व्याप्त भएको छ । यति हुँदा पनि नेताहरू लोकतन्त्रको गीत गाएर थाक्दैनन् । जनता त्यही गीत सुनिरहेका छन् ।

राष्ट्रिय परिवेश बुझ्नु, राष्ट्रको भेषमा गर्व गर्नु, राष्ट्रियतामा तलमाथि हुन नदिनु र लोकतान्त्रिक गरिमा र महिमामा अविचल हुनसक्नुपर्थ्यो । प्रचण्ड, ओली अथवा देउवा यी तीन तत्व छन्, तिनै तत्व विचलित, विश्रृंखलित र विचारहीन छन् । रह्यो मधेशवादी दलहरूको सवाल । उनीहरू त जसरी पनि मधेश टुक्र्याउने एकसूत्रीय अभियनमा लागेका छन् । त्यसैले संविधानअनुसार शासन गर्छन्, सांसद भएका छन्, संविधानमा आगो झोस्छन्, नेपाल बहुल राष्ट्रवादी मुलुक हो भन्छन्, सीके राउतजस्ता मधेश अलग देश भन्नेसँग सहकार्य गर्छन् ।



पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

\- अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

# सरकार हल्ला र गफमै सिमित

*नेपाल कम्युनिष्ट पार्टी नेकपाका दुई अध्यक्ष मध्येका एक अध्यक्ष केपी ओली प्रधानमन्त्री भएको आठ महिना पुगेको छ । प्रधानमन्त्री ओली नेतृत्वको सरकारको आठ महिने कार्यकाल हेर्दा जनताले केही आशा गर्ने ठाउँ भेटिएनि निराशा नै धरै बढेका छ । आठ महिने कार्यकालमा सरकारले हल्ला धेरै गऱ्यो काम थोरै । अहिले मुलुकमा कम्युनिष्ट पार्टीकै नेत्री राष्ट्रपति समेत रहेकी छन् भने प्रधानमन्त्री समेत कम्युनिष्ट पार्टीकै रहेको बेला यसपालिको वडादशैंमा राष्ट्रपतिले सर्वसाधारणलाई टिका लगाईदिंदा जुन व्यवहार देखियो त्यो आफैंमा आपत्तिजनक रहेको छ । साामाजिक सञ्जालहरुमा समेत त्यसको व्यापक विरोध भएको छ । राष्ट्रपतिले टिका लगाईदिंदा विभेद समेत गरिएको छ । प्रधानमन्त्री कार्यकारी हुन् त्यसैले राष्ट्रपति कार्यालयको निगरानी राख्ने काम समेत सरकारकै हो⁄थियो । तर किन कस्को आदेशमा केही व्यक्तिहरुलाई टिका लगाउँदा कुर्सी राखियो र कसको आदेशमा कुर्सी हटाइयो ? पूर्व प्रधानन्यायाधिश, पूर्व प्रधानसेनापतिहरुलाई राष्ट्रपतिको सामु घुँडा टेकाएर टिका लगाईदिनु लोकतान्त्रिक व्यवस्था कै उपहास बाहेक अन्य केही हुन सक्दैन । त्यसैले राष्ट्रपति कार्यालयका कर्मचारी, सुरक्षा निकाय वा राष्ट्रपतिका सहयोगीहरु जोसुकैबाट त्यस्तो गल्ती भएको भएपनि उनीहरुमाथि आवश्यक कारबाही गरि राष्ट्रपति कार्यालयले जनतासामू माफी माग्नु नै उचित समाधान हुनसक्छ ।*

*ओली नेतृत्वको सरकारबाट जनताले धेरै आशा गरेका भएपनि पछिल्लो समयमा जनताका आशामाथि तुषारापात हुँदै गएको छ । ३३ किलो सुन काण्ड र कञ्चनपुरकी निर्मला पन्तको बलात्कार र हत्यामा भएको अनुसन्धानको ढिलाई र आजसम्म अपराधीहरु पत्तो लगाउन सरकार असफल भएको हुनाले जनता आक्रोशित भएका छन् । पन्तको बलात्कार र त्यसपछि भएको हत्याको अनुसन्धानमा लापरबाही गरेको भन्दै तत्कालिन कञ्चनपुर जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक (एसपी) लाई सेवाबाट बर्खास्त गर्ने निर्णय सरकारले गरेपनि त्यतिले मात्र जनताले सन्तुष्टि जनाउन सकेको छैनन् । अनुसन्धान गर्ने क्रममा प्रहरीले नै गल्ती गरेको सरकारद्वारा गठन गरिएका विभिन्न समितिहरुले सरकारलाई आफ्नो प्रतिवेदन बुझाईसकेका अवस्थामा लापरबाही गर्ने प्रहरी अधिकृतहरुलाई तत्काल पक्राउ गरी कानुनी कारबाही गर्नुको सट्टा बर्खास्त मात्र गरिएको र उनीहरुलाई भविष्यमा सरकारी जागिरको लागि अयोग्य नठहऱ्याईएकोले पन्तको हत्याकाण्डमा अनेक शंका आशंका गर्ने ठाउँ भेटिएको छ । प्रहरी ऐन नियमावलीमा लापरबाही गर्ने प्रहरीहरुलाई विभिन्न प्रकारका सजायँ हुने व्यवस्था गरिएकोमा एकातिर लापरबाही गरेको भनिएको छ भने अर्कोतिर सेवाबाट बर्खास्त मात्र गरि उनीहरुलाई उन्मुक्ति दिने प्रयास गरिएकोले शान्ति सुरक्षाको जिम्मा लिएको प्रहरी प्रशासन र सरकारमाथिनै जनताले औंला ठड्याएका छन् के डिल्लीराम विष्ट र प्रहरी निरीक्षकलाई सेवाबाट बर्खास्त गर्दा पिडितले न्याय पाए त ? सेवाबाट बर्खास्तमा परेपनि उनीहरु दुवैले अवकास प्राप्त प्रहरीले पाउने सबै सुविधा पाउने भएकाले जनताको आँखामा छारो हाल्नका लागि मात्र उनीहरुलाई सेवाबाट बर्खास्त गरिएको हो भनेर जनताले किन प्रश्न नउठाउने ?*

*आठ महिनाको ओली सरकारको काम कारबाही हेर्दा ओली सरकारको पाँच वर्षे कार्यकाल हल्ला र गफमै वित्न सक्ने होकि भन्ने आशंका समेत जन्मिएको छ । सरकारले राज्य सञ्चालनका लागि आवश्यक पर्ने कानुनहरु बनाउनै सकेको छैन । संविधान जारी भएको एक वर्षभित्रमा र ३ वर्षभित्रमा गर्नुपर्ने कामहरु आजसम्म भएका छैनन् । संविधान जारी भै संसदको निर्वाचन भएको र संसदको पहिलो बैठक बसेको ३ वर्षभित्रमा संविधानसँग बाझिएका कानुनहरु संशोधन गरिसक्नुपर्ने सम्वैधानिक व्यवस्था भएपनि अब फागुन २९ गतेसम्ममा त्यस्ता कानुनहरु निर्माण भैसक्ने अवस्था देखिएको छैन । प्रतिनिधिसभाको पहिलो बैठक २०७२ फागुन ३० गते बसेको थियो । संविधानसँग बाझिएका सबै ऐनहरु फागुन २९ गतेसम्म संशोधन भईसक्नुपर्नेमा आजसम्म विधेयकको मस्यौदासम्म सरकारले निर्माण गर्न सकेको छैन भने मौलिक हकका कानुनहरु समेत निर्माण हुन नसकेकाले ओली नेतृत्वको सरकार हल्लामै र गफमै सिमित भएको भन्न कर लाग्छ । मौलिक हकसँग सम्बन्धित १७ वटा कानुन आवश्यक भएको कानुन मन्त्रालयले जनााएको भएपनि अहिलेसम्म एउटा पनि कानुन निर्माण भएका छैनन् भने शोषण विरुद्ध हकसम्बन्धी, महिला विशेष अवसर सम्बन्धी, सामाजिक सुरक्षासम्बन्धी, दलित हकसम्बन्धी, कृषकको हक अधिकारसम्बन्धीलगायत अन्य धेरै कानुनहरु निर्माण भएका छैनन् । संविधानको धारा ४७ मा मौलिक हकका कार्यान्वयन कानुन संविधान जारी भएको ३ वर्षभित्रमा अर्थात असोज ३ गते भित्रमा बनाईसक्नुपर्ने बाध्यात्मक व्यवस्था थियो केही कानुन हतार हतारमा निर्माण गरी संसदबाट पारित गरिएपनि असोज ३ को समयसीमा सकिएकोले अब मौलिक हकसम्बन्धी कानुन निर्माण गर्न सम्वैधानिक जटिलता देखिएकोले ओली नेतृत्वको सरकार हल्ला र गफमै सिमित भएको छ भने हामीले ठानेका छौं ।*

# प्रदेश सरकारको औचित्य छैन संविधान संशोधन गरी खारेज गरौं



• देवेन्द्र चुडाल
devendrachudal@gmail.com

संविधान जारी भएको ३ वर्ष पूरा भएको छ । संविधानसभाबाट निर्माण गरिएको संविधानले जनताका आधारभूत आवश्यकता पुरा गर्ने भन्ने उद्घोष राजनीतिक दलका नेताहरूले दिएका भएपनि विस्तारै नेताहरूको बोली फेरिन लागेको छ । केही राजनीतिक दलहरूले संविधान निर्माणकै बेला संविधान सभा छोडेर आन्दोलनमा गएका थिए तिनै राजनीतिक दलहरू अहिले आन्दोलनको धम्की दिईरहेका छन् भने उनीहरूले संघीय संसदमा नेकपाका अध्यक्षमध्येका एक अध्यक्ष केपी ओली नेतृत्वको सरकारलाई समर्थन दिएका छन् भने समर्थन दिने मध्येको संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादव उपप्रधानमन्त्री सहित स्वास्थ्यमन्त्रीको जिम्मेवारीमा रहेका छन् । अर्को दल राष्ट्रिय जनता पार्टीले सत्ताबाहिरैबाट ओली नेतृत्वको सरकारलाई समर्थन दिंदै आएको छ । संघीय संसद र मुलुकमा स्थापना गरिएका ७ प्रदेशमध्ये ६ वटा प्रदेशमा नेकपाकै बहुमतको सरकार रहेको छ भने संघीय संसद र ६ वटा प्रदेश संसदमा नेकपाकै बहुमत रहेको भएपनि सरकारले जनताको चाहनानुसार काम अगाडि बढाउन सकेको छैन । केपी ओली नेतृत्वको सरकारबाट जनताले ठुलो आशा एवं भरोसा गर्दे आएका भएपनि ओली नेतृत्वमा सरकार गठन भएको साढे आठ महिनामै जनताको आशा एवं विश्वास क्रमश निराशामा परिणात हुँदै गएको छ । पछिल्लो समयमा मुलुकमा हत्या, हिंसा, बलात्कार अपहरण, गुण्डागर्दी, भ्रष्टाचारमा व्यापक बृद्धि भएको छ । प्रधानमन्त्री केपी ओलीले भ्रष्टाचारमा शुन्य सहनशीलता अपनाउने प्रतिवद्धता जाहेर गरेपनि दिनहुँ जसो सरकारी कर्मचारीहरू घुस लिँदालिँदै पक्राउ परिरहेका छन् । दिनहुँ घुस लिँदालिँदै कर्मचारीहरू पक्राउ पर्नुले प्रधानमन्त्री ओलीको प्रतिवद्धतालाई हावामा उडाइएकोछ । हत्या र बलात्कारका घटनामा बृद्धि भएको छ । गत श्रावण १० गते कञ्चनपुरकी १३ वर्षीय बालिका निर्मला पन्तको बलात्कारपछि हत्या भयो । यत्तिका दिनसम्म बलात्कार र हत्यामा संलग्न भएका अपराधीहरूलाई पक्राउ गरी कानुनी दायरामा ल्याउन नसक्नु सरकारको असफलता र नालायकीपन बाहेक केही हुन सक्दैन । विश्वका जुनसुकै र जस्तासुकै सरकारको पहिलो दायित्व र कर्तव्य भनेको आफ्ना नागरिकको जिउधनको सुरक्षा गर्नु नै हो । यदि सरकार आफ्ना नागरिकको जिउधनको सुरक्षा गर्न सक्दैन भने त्यस्तो सरकारलाई सत्तामा बसिरहने अधिकार हुँदैन । केपी ओली मुलुकको कार्यकारी प्रधानमन्त्री हुन् । कार्यकारी प्रधानमन्त्री भएका नाताले उनले अरूलाई दोष लगाएर उनी आफ्नो दायित्व र कर्तव्यबाट पन्छिन पाउँदैनन् त्यो अधिकार उनलाई छैन । तर स्वयम् प्रधानमन्त्रीले आफूलाई कर्मचारीतन्त्र, सुरक्षा निकायले नटेरेको अभिव्यक्ति दिएर आफ्नो असक्षमता प्रकट गरिरहेका छन्, आखिरी किन ? आफ्नो नेतृत्वको सरकारलाई सहयोग नगर्ने र नटेर्ने सुरक्षा निकाय र कर्मचारी भए उनीहरूमाथि कानुनी कारबाही गर्न सक्ने अधिकार सरकारलाई रहेको छ । सुरक्षा निकायमा रहेका व्यक्तिहरू र कर्मचारीतन्त्रमा रहेका व्यक्तिहरूले जनताकै कर तलबभत्ता खाएका हुन्छन् त्यसैकारण उनीहरूलाई जनताका सेवक भनिएको हो । उनीहरू जनताका मालिक हुन सक्दैनन् होइनन् अर्को अर्थमा भन्ने हो भने सरकारसमेत जनताको नोकर हो मालिक भनेका जनता नै हुन् । त्यसैले आफूलाई तलबभत्ता सहितका अन्य सुविधा दिएर राखेका जोसुकै भएपनि उनीहरूले जनताका हितमा काम गर्नुपर्दछ । जनतालाई अपमान गर्ने होच्याउने जनताका मागलाई वेवास्ता गर्ने जनतालाई सेवा दिन वेवास्ता गर्ने अधिकार सरकार र सरकारी निकायलाई छैन । तर पछिल्लो समयमा सरकारमा बस्ने र कर्मचारीतन्त्रको उच्च पदमा बस्ने व्यक्तिहरूले आफ्नो कर्तव्य र दायित्व विर्सिएर जनताका मालिकको जस्तो व्यवहार देखाउँदै आएका छन् त्यसैको परिणाम हो ३३ किलो सुन काण्ड र निर्मला पन्तको बलात्कारपछि हत्या ।

निर्मला पन्तको बलात्कारपछि हत्या गरियो हत्यामा संलग्न भएकाहरूको पत्ता लगाउने सरकारले समितिमाथि समिति गठन गरेर अनुसन्धान गरेपनि उनीहरूलाई हात लाग्यो शुन्यमात्र भयो । नेपाल प्रहरीले पन्तको बलात्कार र हत्यापछि पहिलो पटक गठन गरेको छानविन समिति नै गलत ढँगले गठन गरिएको जनमानसमा चर्चाको विषय बनेको छ । तत्कालिन जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रमुख एसपी डिल्लीबहादुर विष्टकै कमाण्डमा रहने गरि डिएसपीको नेतृत्वमा अनुसन्धान कमिटी गठन गरिनु गलत थियो । स्थानीयबासीले एसपीमाथि नै औंला उठाएका बेला किन डिएसपीको नेतृत्वमा अनुसन्धान समिति गठन गरियो किन एसपीभन्दा माथिल्लो दर्जाका प्रहरी अधिकृतको नेतृत्वमा समिति गठन गरिएन ? केपी ओली नेतृत्वको सरकारमाथि लागेको निर्मला पन्तको बलात्कार र हत्यामा संलग्न भएका अपराधीहरूलाई कानुनी दायरामा ल्याउन नसकेको कलंकलाई मेट्न पनि पन्तका हत्याराहरूलाई कानुनी दायरामा ल्याउनु आवश्यक छ । बलात्कार र हत्यामा संलग भएका जोसुकै र जुनसुकै राजनीतिक पार्टीको चाहे उच्च तहका नेताहरूसमेत किन नहुन् त्यस्ता व्यक्तिहरूलाई कानुनी दायरामा ल्याएर निर्मला पन्तलाई न्याय दिन सरकारले अब ढिलो गर्नुहुँदैन । यदि प्रधानमन्त्री ओलीले भनेझैं मुलुकमा कानुनी राज्य बहाली भएको छ भने पन्तले न्याय पाउनैपर्दछ र अपराधीहरूले सजाएँ पाउनैपर्दछ । पिडितलाई न्याय दिनु र पिडकलाई कानुनी दायरामा ल्याउने काम सरकारकै हो । सरकारले गठन गरेका विभिन्न समितिहरूले समेत तत्कालिन कञ्चनपुर जिल्ला प्रहरी कार्यालयका प्रमुख डिल्लीबहादुर विष्टले चरम लापरबाही गरेको भन्दै आफ्नो प्रतिवेदन सरकारलाई बुझाईसकेको अवस्थामा हरिप्रसाद मैनाली संयोजक रहेको प्रतिवेदन सार्वजनिक गर्दैमा सरकारको जिम्मेवारी र दायित्व सकिँदैन । प्रतिवेदनमा उल्लेख गरिएका विषयहरूलाई अध्ययन गरेर त्यसमा रहेका कमी कमजोरीका बारेमा समेत पुन छानविन गरि अपराधीहरूलाई कानुनी दायरामा ल्याउनु सरकारको दायित्व हो । प्रहरी ऐनमा व्यवस्था भएको सबैभन्दा सरल दफालाई देखाएर लापरबाही गर्ने विष्टलाई सेवाबाट बर्खास्त गरेपनि उनी र अर्का प्रहरी निरीक्षक जगदीश भट्टलाई भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहऱ्याउनु र उनीहरूले सबै सुविधा पाउने निर्णय गर्नुले कतै सरकार नै पन्तका हत्याराहरूलाई जोगाउन लागि परेको त छैन भन्ने प्रश्न समेत उब्जिएको हुनाले त्यस्तो प्रश्नलाई सँधैका लागि बन्द गर्नसमेत सरकारले तत्काल अपराधीहरूलाई कानुनी दायरामा ल्याउनुबाहेक सरकारसँग अर्को विकल्प देखिँदैन ।

संघीय संसदमा नेपाल कम्युनिष्ट पार्टीको सरकारलाई दुई तिहाईभन्दा बढीको समर्थन प्राप्त छ तर त्यति हुँदाहुँदैपनि सरकारले सन्तोषजनक काम गर्न सकिरहेको छैन । राज्य सञ्चालन उखान टुक्का र अरूलाई दोष लगाउने प्रवृत्तिले चल्न सक्दैन । यिनै केपी ओली पहिलो पटक प्रधानमन्त्री भएका बेला मुलुकमा छिमेकी मुलुक भारतले अघोषित नाकाबन्दी लगाएको थियो । अप्ठ्यारो परिस्थितिमा समेत ओलीले जनताबाठ ठुलो समर्थन पाएका थिए । त्यसबेला विभिन्न पार्टीहरू सम्मिलित सरकार थियो । तर अहिले नेकपाकै बहुमत रहेको र अन्य पार्टीहरूले समेत समर्थन दिंदा संसदमा दुई तिहाईभन्दा बढीको समर्थन भएपनि किन सरकारले जनताको चाहना अनुसारको काम गर्न सकेको छैन के अब त्यस विषयमा खोजविन गर्नुपर्ने अवस्था भएन र ? संघीय संसदमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस भएपनि ऊ आफैंभित्र रूमलिएको छ । उसले समेत सरकारलाई खबरदारी गर्न सकेको छैन । कांग्रेसबाहेकका अन्य राष्ट्रिय पार्टीहरू सरकारमा सहभागि भएका छन् भने एकले सत्ताबाहिरैबाट सरकारलाई समर्थन दिंदै आएको छ । त्यति हुँदाहुँदै पनि सरकारले विकास निर्माणलाई अघि बढाउन सकेको छैन । विकास निर्माणलाई हिउँद बर्षा उत्सव चाडपर्व नभनि निरन्तर रूपमा निरन्तरता दिनसके छिटो समयमै जनताले अनुभूति गर्ने गरि परिणाम आउन सक्छ त्यसका लागि प्रधानमन्त्रीमा इच्छाशक्तिको आवश्यकता पर्दछ । परिवर्तन भनेको रातारात हुन सक्दैन त्यो कुरा जनताले समेत बुझेका छन् । तर परिवर्तनका आशा लाग्दा बाटाहरू देखिनुपर्नेमा त्यसो हुन सकिरहेको छैन । नयाँ गाडी भएपनि चालक असक्षम भएमा गाडी गन्तव्यमा पुग्न सक्दैन भन्ने तथ्यलाई प्रधानमन्त्रीले बुझ्नु आवश्यक छ । संविधानले परिकल्पता गरेअनुसार संघीय शासन व्यवस्थालाई कार्यान्वयनमा ल्याइएको छ । तिन तहको सरकारको व्यवस्था गरिएको छ भने संघीय सरकार गठन भएको आठ महिनासम्ममा पनि जनताले चाहेअनुसारको काम गर्न सबै तहमा सरकारहरू असफल भएका छन् । केन्द्र सरकार र प्रदेश सरकारबीचमा यदाकदा विवाद उत्पन्न हुँदै आएका छन् । नेपाल जस्तो सानो मुलुक र भौगोलिक विकटता अनि सानो अर्थतन्त्र भएको मुलुकमा संघीयता नै आवश्यक थिएन राजनैतिक दलका नेताहरूको लहड र केही पश्चिमा मुलुकहरूको दबाबमा संघीयता लागु गरियो । संघीयता लागु गरिएपनि प्रदेश सरकारको आवश्यकता देखिएको छैन । एक किसिमले भन्ने हो भने प्रदेश सरकार भनेको विचौलिया सरकारजस्तो मात्र भएको छ । केन्द्र सरकार र स्थानीय सरकारलाई दह्रो बनाउने र स्थानीय तहलाई पर्याप्त अधिकार र बजेट दिएको खण्डमा सबै काम स्थानीय सरकारले नै गर्न सक्ने भएकाले मुलुकलाई आर्थिक भारबाट जोगाउनका लागि भएपनि तत्काल प्रदेश सरकारहरूको विघटन गर्ने गरि संविधान संशोधन आवश्यक छ । प्रदेश सरकारका कारण मुलुकलाई टाट पल्टिनबाट बचाउनैका लागि भएपनि अब कुनै ढिलो नगरी संविधान संशोधन गरी प्रदेश संसद र सरकार खारेज गर्ने हिम्मत राजनीतिक दलहरूले गर्नेपर्दछ । पार्टीका कार्यकर्ताहरूलाई पाल्नकै लागि प्रदेश संसद र प्रदेश सरकारको आवश्यकता छैन । प्रदेश संसद र प्रदेश सरकारमा खर्च हुने रकमलाई विकास निर्माणमा लगाउन सकेको खण्डमा मुलुकले छिटो भन्दा छिटो विकासको गति लिन सक्छ जनताले चाहेको विकास नै हो कसैलाई जागिर खुवाउन जनताले कर तिरेको होइनन् ।

विकास र सम्बृद्धि एक अर्काका परिपूरक हुन् । विकास विना सम्बृद्धि हुन सक्दैन भने सम्बृद्धिविना विकास पनि सम्भव हुँदैन । त्यसैले यदि सबै राजनीतिक दलहरूले विकास र सम्बृद्धि खोजेका हुन् भने सबै राजनीतिक दलहरू एकै ठाउँमा बसेर राजनीतिका लागि विकास होइन विकासका लागि राजनीति भन्ने नारालाई अघि बढाउने कार्यमा अग्रसर हुन आवश्यक छ । एकले अर्कोलाई दोष देखाएर राजनीतिक दलहरू उम्किन सक्ने अवस्था छैन, रहेन । सबै राजनीतिक दलहरूले विकास नै खोजेका हुन् भने एकले अर्कोलाई दोष लगाउने र आफूहरू पानी माथिको ओभानु हुने प्रवृत्ति त्याग्नु आवश्यक छ । त्यसका लागि सबै नेपाली जनता सहयोग गर्न तयार छन् । सञ्चार जगत्ले समेत विकासको लागि नै सहयोग गर्नु आवश्यक छ । मुलुक सम्बृद्ध भएमात्र सञ्चार जगत्पनि समृद्ध हुन सक्छ हिजो के थियो भन्ने छोडौं आज हामी के गर्दछौं भन्ने बुझौं । पूर्वराजाले आफ्ना पूर्वसचिवलाई अस्पतालमा रहेका प्रधानमन्त्री केपी ओलीको स्वास्थ्य अवस्था बुझ्न अस्पतालमै पठाएर राजनीतिक नेताहरूलाई राम्रो उदाहरण दिएका छन् । राजा सबैका साझा भन्ने उक्तिलाई पूर्वराजाले स्मरण गराएका हुनाले पूर्व राजाकै जस्तो व्यवहार राजनीतिक दलका नेताहरूले देखाउने कि ?

# कर्मचारी नभई कसरी पुग्छ गाउँगाउँमा सिंहदबार ?

**नगेन्द्र पौडेल**

संविधानअनुसार प्रदेश तथा स्थानीय सरकार गठन भइसके पनि आवश्यक मात्रामा कर्मचारी नपाउँदा यी दुवै सरकारले गति लिन सकेका छैनन् । निजामतीमा नातावाद, चाकडीवाद र धनवाद हाबी भएकै कारण सरकारले तत्तत् स्थानमा कर्मचारी पठाउन सकिरहेको छैन । सामान्य प्रशासनमन्त्री कर्मचारी समायोजनको भाका सार्दै छन् । सरकार कर्मचारी समायोजन ऐन ०७४ अनुसार कर्मचारी खटनपटन गर्न नसकिएकाले अध्यादेश ल्याएर समस्या समाधान गर्ने मुडमा छ । सरकारका कतिपय सचिव 'खाए खा नखाए घिच' कै शैलीमा कर्मचारीलाई कामकाज गर्न भनी प्रदेशमा खटाइरहेका छन् । तर, ती कर्मचारी सरुवाको मापदण्डविपरीत खटाइएकाले जान नसक्ने भनी अटेरी गर्दै छन् । कर्मचारी समायोजनका लागि कानुन निर्माण गरेर धमाधम समायोजन हुनुपर्ने अवस्थामा अहिलेसम्म संघ, प्रदेश, तथा स्थानीय तह निजामती सेवा सञ्चालन तथा सर्तसम्बन्धी कानुनसमेत बनेको छैन । सरकारले प्रदेश लोकसेवासम्बन्धी कानुनको खाकासमेत प्रदेश सरकारलाई दिन नसकेको स्थिति छ । स्थानीय तहको निर्वाचन सम्पन्न भएको वर्ष दिन बित्दासमेत कर्मचारी समायोजन अनिश्चित बन्नुमा उच्च प्रशासककै दोष देखिन्छ ।

कर्मचारी र तत्सम्बन्धी कानुनको मस्यौदासमेत पठाउन ढिलाइ गरेपछि प्रदेश २ को सरकारले कर्मचारी भर्ना प्रक्रिया थाल्ने चेतावनी दिएको छ । ऊ यससम्बन्धी विधेयक नै लाने तयारीमा देखिन्छ । प्रदेश २ को मन्त्रिपरिषद्को गत शुक्रबार बसेको बैठकले एक महिनाभित्र कर्मचारी नपठाए आफैँ नियुक्त गर्ने निर्णय गरेको छ । यो संघीय सरकारका लागि निकै ठूलो झापड हो । उसले पटक–पटक संघीय सरकारलाई कर्मचारी पठाउन आग्रह गर्दा पनि सुनुवाइ नभएको भन्दै एक महिनामा पनि नपठाए आफैँ भर्ना थाल्ने निर्णय गरेको हो । प्रदेश २ सरकारले प्रदेशमा पाँच हजार कर्मचारी आवश्यक रहेको भए पनि अढाइ सय कर्मचारी मात्र उपलब्ध गराइएको जनाएको खबर छ । यही अवस्था अन्य ६ वटा प्रदेश र सबै स्थानीय तहको छ ।

> कर्मचारी र तत्सम्बन्धी कानुनको मस्यौदासमेत पठाउन ढिलाइ गरेपछि प्रदेश २ को सरकारले कर्मचारी भर्ना प्रक्रिया थाल्ने चेतावनी दिएको छ । ऊ यससम्बन्धी विधेयक नै लाने तयारीमा देखिन्छ । प्रदेश २ को मन्त्रिपरिषद्को गत शुक्रबार बसेको बैठकले एक महिनाभित्र कर्मचारी नपठाए आफैँ नियुक्त गर्ने निर्णय गरेको छ । यो संघीय सरकारका लागि निकै ठूलो झापड हो । उसले पटक–पटक संघीय सरकारलाई कर्मचारी पठाउन आग्रह गर्दा पनि सुनुवाइ नभएको भन्दै एक महिनामा पनि नपठाए आफैँ भर्ना थाल्ने निर्णय गरेको हो ।

देश संघीयतामा गएको जनाउ दिने संविधान घोषणा भएको पनि तीन वर्ष व्यतित भइसक्यो । यसबीच घरघरमा सिंहदरबार भनिए पनि राजनीतिक संयन्त्रको विस्तारबाहेक जनताले पाउने सेवामा खासै परिवर्तन आएको छैन । एउटा सरकारको सट्टा सात सय ६१ सरकार त बने तर सरकार सञ्चालन गर्ने महत्वपूर्ण अंग कर्मचारीको व्यवस्थापन हुन सकेन । कर्मचारी व्यवस्थापनसम्बन्धी विधेयक ०७४ असोज २९ मा राष्ट्रपतिद्वारा प्रमाणीकरण भएको हो । तर, आजपर्यन्त सो विधेयक कार्यान्वयनमा ल्याइएको छैन । कर्मचारीलाई मनोखुसी चलाउने कामबाहेक ऐन, नियमअनुसार खटाएको पाइँदैन । यसैकारण आज केन्द्रमा आवश्यकताभन्दा बढी कर्मचारी थुपारिएका छन् भने मोफसलमा कर्मचारीको अभावमा स्थानीय तह तथा प्रदेश सरकारका काम प्रभावित हुँदै छन् । सरकारले कर्मचारी खटनपटनका लागि स्पष्ट नीति अख्तियार गर्न नसक्दा र कर्मचारीमा केन्द्रवादी प्रवृत्ति हाबी हुँदा नागरिकले पाउनुपर्ने सेवामा प्रत्यक्ष प्रभाव परिरहेको छ ।

हामीले यसपटक 'नतिजामुखी प्रशासन, समृद्धि र सुशासन' भन्ने मूल नाराका साथ १५औं निजामती सेवा दिवस मनायौं । नेपालमा निजामती सेवा दिवस ०६१ देखि मनाउन थालिएको हो । यो दिवसमा निजामती सेवा नियमावली ०५० को सातौँ संशोधन ०६४ को नियम ११६ (क) १ अनुसार कर्मचारीलाई पुरस्कृत गर्ने परम्परा छ । तर, सरकारले अन्य पुरस्कार पाउने कर्मचारीको नाम घोषणा गरे पनि दुई लाखको सर्वोत्कृष्ट पुरस्कार पाउने कर्मचारी पाउन सकेन । लगभग ८६ हजारभन्दा बढीको संरचना भएको निजामती सेवामा के साँच्चै सर्वोत्कृष्ट रूपमा कार्य सम्पादन गर्ने कर्मचारीको अभाव भएकै हो त ? विचारणीय छ । यस घटनाले निजामतीमा अझै पनि सुधारको आवश्यकता रहेको देखिन्छ । नागरिक सेवामा समर्पित कर्मचारीको अझै अभाव छ भन्ने देखाउँछ । यसका लागि कर्मचारीलाई नीति, नियम र पद्धतिले चलाउने संयन्त्रको विकास हुन जरुरी छ र हाम्रा मान्छेलाई राम्रा मान्छेले विस्थापित गर्ने प्रक्रियाको थालनी हुन आवश्यक छ । यसो नभएसम्म सक्षम, योग्य र ज्येष्ठ कर्मचारीप्रति न्याय हुने देखिँदैन ।

'ज्येष्ठता' निकै लोकप्रिय शब्द हो । यसले कर्मचारीमा सकारात्मक उत्प्रेरणाको काम गर्छ । मनोबल उच्च राख्न सघाउने यो एक प्रकारको गैरमौद्रिक तत्व पनि हो । तर, हाम्रो निजामती सेवामा ज्येष्ठता ऐन, कानुनमा लेखिए पनि व्यवहारमा कहिल्यै ठीक ढंगले कार्यान्वयनमा आएन । निजामती सेवा ऐन ०४९ को दफा १३ (१) मा कुनै पनि कार्यालय वा विभागीय प्रमुखका लागि एक तहमुनिको निकटस्थ कर्मचारीलाई कायम मुकायम मुकरर गर्न सकिने व्यवस्था उल्लेख गरेर ज्येष्ठ कर्मचारीप्रति न्याय गरेको छ । निजामती सेवा नियमावली ०५० (बाह्रौँ संशोधन ०७२ समेत) को नियम ४६ (१) मा कार्यालयप्रमुख अनुपस्थित रहेमा निकटतम ज्येष्ठ कर्मचारीले निजको निमित्त जनाई दैनिक काम गर्नुपर्नेछ भन्ने उल्लेख गरेको छ । यी कानुनी प्रावधानले निजामती सेवामा ज्येष्ठ कर्मचारीको नेतृत्वमा अन्य कर्मचारीले सघाएर अघि बढनुपर्छ भन्ने सन्देश दिन खोजेका छन् । यो कुनै पनि संगठनभित्र आवश्यक पनि छ । तर, व्यवहारमा ज्येष्ठतालाई पाखा लगाएर कनिष्ठ कर्मचारीलाई जिम्मेवारी, कतिपय अवस्थामा त समान तह र श्रेणीको पदमा कनिष्ठ कर्मचारीमातहत ज्येष्ठ कर्मचारीलाई पदस्थापनसमेत गरेको पाइन्छ । खासगरी विगतका वर्षमा नेपाल शिक्षा सेवाका उपसचिवलाई एउटै जिल्लामा कसैलाई जिल्ला शिक्षा अधिकारी र ऊसरहको अर्कोलाई सहायक जिल्ला शिक्षा अधिकारीको कार्यादेश दिइयो । कति जिल्लामा त कनिष्ठ उपसचिवमातहत ज्येष्ठ उपसचिव पनि रहन बाध्य भए । यस्तो अवस्थाले कर्मचारीमा कामप्रति आकर्षण होइन, विकर्षण पैदा गराउँछ । परिणाममा नागरिकले पाउने सेवा प्रभावित हुन्छ ।

अब विगतमा जस्तो केन्द्रीकृत निजामती सेवाले संघीय राज्य व्यस्थालाई हाँक्न सक्दैन । सिंहदरबारको अधिकार गाउँगाउँमा भन्ने नारा साकार पार्न पनि अब राजधानीबाट हुने काम प्रदेश मुकामबाट र जिल्ला सदरमुकामबाट हुने काम सात सय ५३ वटै पालिकाबाट सम्पादन गर्न जरुरी छ । यसो नगरेसम्म जनताले घर आँगनबाट सेवा पाउन सक्दैनन् । यसका लागि प्रशासनिक विकेन्द्रीकरण आजको पहिलो र अनिवार्य सर्त हो । हामीले राजनीतिक एकाइ गाउँगाउँमा पुऱ्याए पनि जनताको सेवा दिने निकाय कर्मचारी वर्गलाई भने चलाउन सकेनौँ । केन्द्रमुखी प्रवृत्तिका कारण कर्मचारी स्थानीय तहमा पुग्न नसकेको यथार्थ हो । कर्मचारी समायोजन ऐन आए पनि समायोजनको 'स' सम्म हुन सकेको छैन ।

# निजगढ विमानस्थल : विवादरहित तरिकाले बन्नुपर्छ

संगीता रेग्मी

सर्वाधिक चासोको विषय बनेको प्रस्तावित निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको निर्माण सुरू नहुँदै विवाद र बहस बढेको छ । विमानस्थल आयोजना निर्माण प्रक्रिया अघि बढेसँगै यसमा विभिन्न बहससमेत सतहमा आएका छन् । विमानस्थल निर्माणमा लाखौं रूख कटान हुने भनेर वातावरणविद्ले चिन्ता व्यक्त गरेका छन् भने विकासवादीले मुलुक समृद्धिका लागि यो आयोजना अपरिहार्य भएको धारणा व्यक्त गरेका छन् । वन मन्त्रालयले आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) स्वीकृत गरी आवश्यक रूख काट्न पर्यटन मन्त्रालयले अनुमति मागेको छ ।

बारा जिल्लाको पूर्वी उत्तर क्षेत्र अर्थात् राजमार्ग क्षेत्र दक्षिणमा लालबकैया नदीदेखि पश्चिम पसाहा क्षेत्रमा निजगढ विमानस्थल बन्नेछ । फास्ट ट्र्याकले महेन्द्र राजमार्ग भेट्ने स्थलभन्दा केही किमी दक्षिणमा बन्नेछ, निजगढ विमानस्थल । सरकारको प्राथमिकतामा परेको निजगढ विमानस्थल आयोजना क्षेत्रमा करिब १६ सय घर धुरीको बसोबास र घना चारकोसे झाडी छ । विमानस्थल निर्माण हुने क्षेत्रभित्र तीन बस्ती (काट गाउँ परैयाँ गाविस ८, टाँगिया वस्ती र मटियानी टोल) र बारा जिल्लाको प्रसिद्ध सहजनाथ महादेवको मन्दिर (गढीमाई नगरपालिका) पर्ने छ ।

निजगढ विमानस्थलको चर्चा सुरू भएको २० बर्ष बितिसकेको छ । सरकारले विमानस्थलको खाँचोको महसुस गरेर २०५१ सालमै नेपालभरका आठ वटा वैकल्पिक क्षेत्रहरूको पूर्वसम्भाव्यता अध्ययन गर्दा बारा जिल्लाको त्यस क्षेत्रमा विमानस्थल बनाउन सबैभन्दा उपयुक्त हुने भनेर किटान गरिए पनि त्यसले खासै महत्व पाएको थिएन । तर, गणतन्त्र स्थापनापछि त्यसले थप चर्चा पायो र पछिल्लो चरणमा अघि बढाउने प्रयास भइरहेको छ ।

विमानस्थलको चार किल्ला क्षेत्र छुट्याइ ५०–५० मिटरमा कंक्रिटको पोलबाट सिमाना छुट्याउने कार्य सम्पन्न भइसकेको छ । चार किल्लाभित्रको निजी स्वामित्वमा रहेका घरजग्गा पहिचान भई अधिग्रहण गर्ने प्रक्रियामा रहेको भनिए पनि कामको प्रगति खासै हुन सकेको छैन । जे भए पनि वर्तमान सरकारले त्यसलाई अघि बढाउने निश्चित रहेको बताइन्छ । कुनै पनि आयोजनाका लागि कटान हुने रूखको क्षतिपूर्ति गर्न प्रत्येक एक रूख बराबर २५ नयाँ रूख रोप्नुपर्ने कानुनी प्रावधान छ । वृक्षरोपणको सुनिश्चिततासँगै तत्काल आवश्यक रूख कटान हुने सरकारले जनाएको छ । विकास गर्दा विवादरहित तरिकाले गर्नुपर्छ । तत्कालको आवश्यक्ता अनुसारमात्र रूख काट्नु उपयुक्त हुन्छ ।

आयोजना क्षेत्रमा तथा त्यसको वरपर जम्मा २३ विभिन्न प्रजातिका स्तनधारी प्राणी र करीब ५ सय प्रजातिका चरा पाइन्छन् । आयोजना क्षेत्रमा पर्ने टाँगिया, मतियानी र काठघाट बस्तीमा जम्मा एक हजार ६१० घरधुरीको बसोबास छ । आयोजना क्षेत्रमा पाँच लाख ८५ हजार ४९९ वटा रूख र १८ लाख ६४ हजार ८२० वटा पोल आकारका वनस्पति छन् । यस विमानस्थलको पूर्वसम्भाव्यता अध्ययन सन् १९९५ मा गरिएको थियो । धेरै सम्भाव्यस्थानको अध्ययन गरिएकामा बारामा अवस्थित यो क्षेत्र सबैभन्दा उपयुक्त पाइएको हो ।

रूख कटान अघि क्षतिपूर्तिका लागि वृक्षरोपण गर्ने स्थान र योजनाका बारेमा निश्चित गर्न दुवै मन्त्रालयबीच सहमति भइसकेको छ । कुनै पनि आयोजनाका लागि कटान हुने रूखको क्षतिपूर्ति गर्न प्रत्येक एक रूख बराबर २५ नयाँ रूख रोप्नुपर्ने कानूनी प्रावधान छ । प्रस्तावित निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना प्रदेश नं २ को बाराको निजगढमा अवस्थित छ । यस विमानस्थलको निर्माणको प्रथम प्रस्तावमा अन्तर्राष्ट्रिय नागरिक प्राधिकरणको मापदण्डअनुसारको धावन मार्ग, ट्याक्सी मार्ग, टर्मिनल र एप्रोनलगायतका आवश्यक परिवहन



तथा सञ्चार सुविधा भएको अन्तर्राष्ट्रिय विमानस्थल रहनेछ । दोस्रो प्रस्तावमा आधुनिक यातायात सुविधा, समानान्तर धावन मार्ग, ट्याक्सी मार्ग, एअरलाइन्स सेटअप, हयाङ्गर, सञ्चार, खानेपानी आपूर्ति, ढल व्यवस्थापन र अन्तर्राष्ट्रिय विमानस्थल नजीकै सुविधा होटल लज सहितको विमानस्थल शहरको विकास रहेको छ । विमानस्थल सबै हिसाबले उपयुक्त छ, वरपर पहाड नभएको, टाढा दूरीमा पनि राम्रोसँग देख्न सकिने अर्थात शून्य 'भिजिबिलिटी'मा विमान उडान तथा अवतरण गर्न सकिने, राजधानी नजीक राजमार्गसँगै जोडिएको गन्तव्य, धावनमार्गका लागि कम खर्चिलोलगायत तर्कले यो सबैभन्दा उपयुक्तस्थल भएको बुझाई छ ।

विकासका लागि पूर्वाधार निर्माणमा वातावरणीय मुद्दा आउनु स्वाभिक नै हो । विश्व वातावरण संरक्षणबाट कोहि पनि पन्छिन सक्दैन तर यस्तै किसिमका पूर्वाधार निर्माणमा यतिकै संख्यामा रूख कटानी गरी संरचना निर्माण गरेका धेरै उदाहरणहरू रहेका छन् । जसमध्ये टर्कीको इस्तानबुल विमानस्थल एउटा नमुना हो । उक्त विमानस्थल निर्माण गर्दा पनि वातावरणविदहरूले यस्तै किसिमको आवाज बाहिर ल्याएका थिए । इस्थानबुल विमानस्थलको क्षेत्रफल निजगढ विमानस्थलको भन्दा केही सय मात्र कम छ । उक्त विमानस्थलको क्षेत्रफल ७ हजार ६ सय पचास हेक्टर रहेको छ । जसमध्ये ६ हजार १ सय ७२ वन क्षेत्र रहेको थियो । जसमा साना ठूला गरेर २५ लाख १३ हजार ३४१ रूखहरू रहेका थिए । जसमध्ये कटानी नगरी नहुने ६ लाख ५७ हजार रूख काटिएको थियो । जसको बदलामा झण्डै १८ लाख रूखहरू रोपिएको थियो । निजगढ विमानस्थल पनि यसै गरी निर्माण गर्न सकिन्छ ।

पूर्वाधार विकाससँगै वातावरणको विनाशको चिन्ता लिनु स्वाभाविकै हो । तर विकास बिना वातावरण संरक्षणको मन्त्रले मात्र केहि पुऱ्याउँदैन । आज विकसित भनिएका मुलुकले वातावरण संरक्षण मात्र हेरेको भए त्यो अवस्थाको विकासमा पुग्दैन थिए होला । कार्बन डाइअक्साइड र क्लोरोफ्लोरो कार्बनको उत्सर्जन र तिनले वातावरणमा निम्त्याउने समस्या अल्पविकसित देशभन्दा विकसित देशकै हिस्सा बढी छ । राष्ट्रिय गौरवको आयोजना दोस्रो विमानस्थल निर्माण अगाडी बढ्दै गर्दा ठूलै वातावरणीय विनाश हुने भन्दै कोकोहोलो मचाउनेहरूलाई प्रश्न छ नेपालको कूल ४३ प्रतिशत भू–भाग वनजंगलले ढाकिँदा पनि हाम्रा चाँदी जस्ता हिमालहरू किन पगल्दै छन् ? तापक्रम दैनिक किन बढ्दै छ ? अतः पर्याप्त पूर्वाधार विकासले मात्र देशलाई आर्थिक समृद्धि तर्फ डोऱ्याउँछ । समृद्धिले मात्र दिगो विकासलाई संरक्षण गर्न सक्छ । वन विनाश र वातावरणीय असरको रडाको मच्चाएर निजगढ विमानस्थलको विकल्प खोज्ने होइन कमभन्दा कम वातवरणीय क्षतिमा यसको निर्माण समयमै सम्पन्न गर्नु आम नगरिकको हितमा हुनेछ ।

# पाकिस्तानी दूतावासमा काश्मिर ब्ल्याकडे

काठमाडौं । कात्तिक १४ गते, ३१ अक्टोबरका दिन काठमाडौंस्थित पाकिस्तानी दूतावासमा काश्मिर ब्ल्याक डे मनाइयो । उक्त अवसरमा राजदूत डा. मजहर खान, मास मिडियाका विद्यार्थी सीताराम, डा.शास्त्रदत्त पन्त र पत्रकार राजन कार्कीले अभिव्यक्ति दिएका थिए । राजदूतले राष्ट्रसंघमा पारित प्रस्तावअनुसार नै काश्मिर समस्या हल हुनुपर्नेमा जोड दिएका थिए भने सीताराम र डा. पन्तले समेत राष्ट्रसंघका सबै सदस्य राष्ट्रको समस्या भएकाले सबैको सहमतिमा काश्मिर समस्या हल हुनुपर्नेमा जोड दिए ।

पत्रकार राजन काकीले यस सम्बन्धमा यसरी आफ्नो विश्लेषण प्रस्तुत गरेका थिए– हामी हरेक वर्ष यसरी नै चिच्याइरहेका छौं, सभ्यताको युगमा मानवता मर्नु हुन्न, मानवता मारि नुहुन्न ।

तर, ७१ वर्षदेखि काश्मिरमा मान्छे मार्ने, मान्छेमाथि बुलेट र पेलेट गन ठोकेर घाइते पार्ने, अन्धो बनाउने, महिलामाथि बलात्कार गर्ने, बिद्रोहीलाई बेपत्ता पार्नेजस्ता अमानवीय घटना भइ नै रहेका छन् । त्यस्तो अमानवीयता रोकिनुपर्छ, काश्मिर समस्याको न्याय र तर्कपूर्ण निकास निकालिनुपर्छ भन्ने आवाज उठाउन यसवर्ष पनि हामी यहाँ भेला भएका छौं । जुन ३, १९४७ को विभाजनको योजनालाई जुलाई १८ मा ब्रिटिस संसदले पास गऱ्यो । भारत हिन्दु बहुल, पाकिस्तान मुस्लिम बहुल देश बन्यो । तर विभाजनको सहमति र योजना विपरित भारतले – अक्टुवर २७, १९४७ मा श्रीनगरमा ७ लाख सेना उताऱ्यो । त्यसपछि भारत अक्कुपाइड जम्मु काश्मिर, हैदरावाद, जुनागडमा कालो दिन । द्यबबिअप मबथ सुरू भयो । समस्या भारतीय सैनिक हस्तक्षेप हो ।

काश्मिर हाम्रो हो भनेर जतिसुकै दावी गरे पनि बेलायती इतिहासकार अलिस्टर लेम्ब, काश्मिरी अनुसन्धानकर्ता अबदुल माजिद जरगार र बसरत हुसेनले ‘ इन्स्ट्रुमेन्ट अफ एसेसन’ नक्कली हो भनेर प्रमाणित गरिसकेका छन् । दी डकुमेन्ट इज लस्ट । भारत त्यतिबेलाको सहमतिका कागजात हरायो भनेर झूठ बोलिरहेको छ ।

दुर्भाग्य भन्नुपर्छ, कथित सीमा आयोगका बेलायती ब्यारिष्टर सेरिल रेडक्लिफ स्वयम् भारतीय अमानवीय योजनाका सिर्जनाकार हुनपुगे । समस्या झन चर्काइदिए ।

जनवरी १, १९४८ मा युएनमा काश्मिरलाई आत्मनिर्णयको अधिकार दिने प्रस्ताव पारित भयो । भारत र पाकिस्तानले त्यो प्रस्तावलाई स्वीकार गरे । त्यही पारित प्रस्तावअनुसार काश्मिरी जनता आत्मनिर्णयका लागि संघर्षरत छन् । भारत त्यो आत्मस्वीकारबाट पछि हट्यो र जम्मु काश्मिर भारतको अभिन्न अंग हो भन्न थाल्यो । समस्याको जरो राष्ट्रसंघमा पारित प्रस्तावको अवमान्ना हो ।




काश्मिरमा १९८९ देखि २०१८ सम्ममा ९५१२९ मारिए । २२८८९ बिधवा भए । १०७७२३ बालकालिका अनाथ भएका छन् भने ११०८२ महिला भारतीय सैनिकबाट बलात्कृत भएका छन् । हजारौं युवा बेपत्ता पारिएका छन् । नक्कली इन्काउन्टरमा हजारौं काश्मिरी मार्ने क्रम जारी छ ।

यो तथ्याङ्कले काश्मिर अमानवीयताको रक्तकुण्ड बनिसकेको छ । तैपनि काश्मिरीको स्वतन्त्रता आन्दोलन दबाउन भारत सफल हुनसकेन । २०१६ मा बरहान मुजफ्रको हत्या भएपछि जम्मु काश्मिरमा भारतीय हैकम चाहिदैन भन्ने जनआन्दोलन झन चर्केको छ । आन्दोलनलाई दबाउन भारतीय सेनाले सर्च अपरेशन थालेको छ । काश्मिरी जनता झुक्न तैयार छैनन् ।

पाकिस्तानले काश्मिरी जनताको अपेक्षाको सधैं समर्थन गर्दै आएको छ । तर भारत शान्तिपूर्ण हल निकाल्न तैयार छैन ।

जनजरी १९, २०१७ मा ब्रिटिश पार्लियामेन्टमा काश्मिरबारे बहस चलाइयो र काश्मिरी जनताले आत्मनिर्णयको अधिकार पाउनैपर्छ भनेर युएनमा पारित प्रस्तावको समर्थन गऱ्यो ।

जुलाई १८ २०१८ मा युरोपियन पार्लियामेन्टले युएनमा पारित प्रस्ताव र काश्मिरी स्वतन्त्रता आन्दोलनबारे चासो देखायो । मानवाधिकार सम्बन्धी युएन हाइकमिश्नर जेड राड अल हुसेनले जुन १४, २०१८ मा पहिलो पल्ट काश्मिरमा भारतीय सुरक्षाकर्मीले मानवाधिकारको गम्भीर उल्लंघन गरेको ठहर गऱ्यो । गत महिनामात्रै मिचेल बाचलेटले समेत भने– युएनमा पारित भएको प्रस्तावअनुसार नै काश्मिरी जनताले आत्मनिर्णयको अधिकार पाउनुपर्छ ।

अव विश्व काश्मिर समस्या सुल्झाउन अग्रसर हुन थालेको देखिन्छ । यो शुभसंकेत हो ।

देशभक्तका लागि देश कसरी दुख्छ, त्यो नेपालीलाई थाहा छ । २ लाख ४ हजार ९ सय १७ बर्ग किलोमिटरको नेपाल १८१६ को सुगौली सन्धिपछि १ लाख ४७ हजार १ सय ८१ बर्ग किलोमिटरमा खुम्चियो । त्यसमा पनि ७१ स्थानमा ६० हजार बर्गकिलोमिटर क्षेत्र भारतले अतिक्रमण गरिसक्यो । लिम्पियाधुरा, लिपुलेक र कालापानीको १० हजार १९ बर्ग किलोमिटर क्षेत्र नक्सामै छैन, भारतमा मिलाइसकिएछ । काश्मिरमा हरिसिंहहरू बोल्दैनन्, नेपालमा हाम्रा नेता, हरिसिंहका अवतारहरू बोल्दैनन् । अव नेपालीले पनि नेपालको रक्षा गर्न भारतसँग युद्ध लड्नुपर्ने स्थिति आइसक्यो ।

त्यसैले हामी भन्छौं–

भारत– असल छिमेकी बन । नेपाललाई हस्तक्षेप नगर । काश्मिरबारे युएनमा स्वीकारेको प्रतिवद्धता पूरा गर । काश्मीर काश्मीरीको हो । उनीहरूलाई आत्मनिर्णयको अधिकार देउ ।

माटोको लागि ज्यानको बाजी थाप्ने काश्मिरी स्वतन्त्रता सेनानीहरूलाई मानवाधिकारवादी नेपालीको नैतिक समर्थन छ । काश्मिरीको जनआन्दोलन सफल होस्, हार्दिक सलाम छ ।

# बगरमा बदाम खेती

कैलालीको भजनी नगरपालिकाको बिजुलिया गाउँका अधिकांश किसान बलौटे बगरमा बदाम खेती गरेर आर्थिक उपार्जन गरिरहेका छन् । कान्द्रा नदीमा बर्सेनि आउने बाढीले खेतीयोग्य जमिनलाई बलौटे बगरमा परिणत गर्दा किसानले उक्त क्षेत्रमा अन्न लगाउन छोडेर बदाम तथा बगर खेती गर्दै आएका हुन् ।

बिजुलिया गाउँमा ३५ जना किसानले अहिले ५० हेक्टरभन्दा बढी क्षेत्रफलमा बदाम खेती गरेको लौकाहा भौकाया कृषक समूहका अध्यक्ष बिचौला डगौराले बताए । उनले भने, 'खेत बगरमा परिणत हुँदा पनि आम्दानी घटेको छैन ।' अहिले बगरमा बदाम खेती गरेको उनले बताए । बदाम निकालेर बेमौसमी तरकारी खेतीअन्तर्गत तरभुजा, काँक्रा, लौकालगायत लहरे तरकारी खेती गर्ने उनको भनाइ छ । कान्द्रा नदी किनारका अन्य लालबोझी, भुरूवा, खैलाड गाउँका धेरैजसो किसानले पनि बगरमा बदाम खेती गरेका छन् ।

बगर तथा बलौटे जमिनमा राम्रो उत्पादन हुने बदामले बजार र मूल्य राम्रो पाउने गरेको किसान विष्णु दासले बताए । बगरमा खेती गर्दा लागत न्यून रहेको र आम्दानी नगद रहेकोले नदी किनारका अधिकांश किसानले खेती गरेको उनको भनाइ छ ।

खेती गर्दा प्रतिकट्ठा ६ सय ग्राम बदामको बिउ तथा न्यून मात्रामा रासायनिक मल चाहिने भएकाले कृषि लागतसमेत न्यून रहेको उनले बताए । बदाम खेतीमा रोग किराको प्रकोपसमेत न्यून रहेकोले बगरमा बदामको राम्रो उत्पादन हुने गरेको किसान यम चौधरीले बताए । बगरमा ३ कट्ठा क्षेत्रफलमा १ क्विन्टल बदाम उत्पादन हुने गरेको किसानले बताए । काँचो बदाम अहिले खेतबाटै १ सय ३० रूपैयाँ प्रतिकिलोमा बिक्री भइरहेको चौधरीले बताए । किसानको खेतमै व्यापारी खरिद गर्न आउने गरेकोले बिक्रीका लागि बजारसम्म जानु नपर्ने उनले बताए । भजनी नगरपालिकाले बदामको पकेट क्षेत्र विस्तार गरेको छ । नगरका अधिकांश क्षेत्रमा कान्द्रा र काँढा नदीले खेतीयोग्य जग्गालाई बगरमा परिणत गर्दा बदाम खेतीबाट किसानको आयआर्जन बढाउन बदाम पकेट क्षेत्रको रूपमा खेती विस्तार गरेको भजनी नगरपालिका कृषि शाखाका प्रमुख मैया चौधरीले बताइन् ।

उनले बदामको उत्पादन राम्रो हुने क्षेत्रको पहिचान गरी अहिले १० हेक्टर क्षेत्रफलमा पकेट क्षेत्रको रूपमा विस्तार भइरहेको बताइन् । बदामको पकेटको लागि किसानलाई बिउमा ५० प्रतिशत अनुदान तथा २ वटा सानो पावर ट्रेलर ट्याक्टर २ वटा सिँचाइ पम्पसेट प्रदान गरेको चौधरीले बताइन् । बदामको राम्रो उत्पादन भई बजारीकरणको लागि समेत पहल भइरहेको र यसका लागि ४ लाख रूपैयाँ विनियोजन भएको उनले जानकारी दिइन् ।

## दाहालले...

सम्बन्धि सबै कानुनहरू निर्माण भईसकेको बताएपनि त्यो सरासर गलत रहेको छ । न्याय कानुन मन्त्रालयले १७ वटा कानुन आवश्यक पर्ने बताएपनि आजसम्म मौलिक हकसम्बन्धी एउटा पनि कानुन निर्माण भएका छैनन् ।

संविधानले संविधान जारी भएको ३ वर्षभित्रमा मौलिक हकसम्बन्धी सबै कानुन निर्माण गरिसक्नुपर्ने सम्वैधानिक व्यवस्था गरेपनि अहिलेसम्म शोषण विरूद्ध हकसम्बन्धी, महिला विशेष अवसरसम्बन्धी, सामाजिक सुरक्षासम्बन्धी, दलित हकसम्बन्धी, कृषकको हक अधिकार सम्बन्धीलगायत अन्य धेरै कानुनहरूका मस्यौदा नै निर्माण नगरिएको अवस्थामा अध्यक्ष दाहालले भने मौलिक हकसम्बन्धी सबै कानुनहरू निर्माण भैसकेका बताएर आफैँ पार्टीका कार्यकर्ता र जनतालाई ढाँटेका छन् । हुनतः अध्यक्ष दाहाललाई नेपाली जनताले ढटुवा नेताकै रूपमा चिन्ने गरेका छन् । मौलिक हकसम्बन्धी कानुन निर्माण गर्ने समयसीमा सकिएकोले अब कानुन निर्माण गर्न सम्वैधानिक जटिलता रहेको बेला अध्यक्ष दाहालले सबै कानुन निर्माण भैसकेका छन् भन्नु आफैँमा हास्यास्पद बाहेक अन्य केही हुन सक्दैन ।

## प्रधानन्यायाधीश...

भन्ने एउटा बहस छ भने फागुन ३० हो भने राष्ट्रपति विद्या भण्डारीले तिनै गोपाल पराजुलीबाट खाएको शपथ के हुने ? भन्ने अर्को प्रश्न पनि उठेको छ ।

अव प्रधानन्यायाधीश ओमप्रकाश मिश्रले ठाडो तोक आदेश जुनसुकै उद्देश्यले लगाएको भए पनि यसमा बादी प्रतिवादीको बहस चल्यो भने सर्वोच्च अदालतको सर्वोच्चता रहला कि नरहला ? कानुनविदहरू व्यापक बहसमा जुटेका छन्, सर्वोच्च शायद अव सर्वोच्च सम्मानमा रहेन कि ?

खेलकुद

# रियलले हटायो लोपेटेगुईलाई

रियल म्याड्रिडले प्रशिक्षक जुलेन लोपेटेगुईलाई बर्खास्त गर्ने निर्णय गरेको छ । अप्रत्याशित रूपमा विश्वकपको पूर्वसन्ध्यामा रियल म्याड्रिडसँग आबद्ध हुने सम्झौता गरेपछि विश्वकप सुरू हुनु केही दिनअघि उनलाई स्पेनले राष्ट्रिय टिमबाट हटाएको थियो । लोपेटेगुईले १ सय ३९ दिनमै स्पेनिस फुटबलमा दुई ठूला मौका चुकाउन पुगेका छन् । १५ वर्षको प्रशिक्षक करिअरमा सम्भवतः लोपेटेगुईका लागि यो सर्वाधिक कठिन समय हो ।



५२ वर्षीय प्रशिक्षक लोपेटेगुईले साढे ४ महिनाको बर्नाबिउ बसाइमा रियल म्याड्रिडलाई अपेक्षित सफलता दिलाउन सकेनन् । उनी १४ खेलमै बर्खास्तीमा परेका छन् । जसमध्ये रियलले ६ खेलमा जित निकाल्दा ६ मा पराजय बेहोरेको छ । च्याम्पियन्स लिगको साबिक विजेता रियलका लागि स्पेनिस लालिगामा फर्कन समय आवश्यक रहेको भन्दै रियलको बोर्ड बैठकले क्लबलाई खेलमा फर्काउनका लागि लोपेटेगुईलाई हटाउन बाध्य भएको जनाएको छ ।

गत शनिबार एल क्लासिकोमा बार्सिलोनासँग ५–१ को लज्जास्पद हार बेहोरेपछि उनलाई हटाउन क्लबमाथि थप दबाब परेको थियो । २००१–०२ पछि सिजनको खराब सुरूवात गरेको रियल निरन्तर असफल हुँदै आएको छ । रियल स्पेनिस लालिगाका १० खेल सकिँदा नवौं स्थानमा सीमित छ ।

नियमित प्रशिक्षकलाई बर्खास्त गरेसँगै म्याड्रिडले आफ्नै बी टिमको नेतृत्व गरिरहेका पूर्वखेलाडी सान्टियागो सोलारीलाई मुख्य टिमको जिम्मेवारी दिएको छ । सोमबारसम्म टिमलाई लोपेटेगुईले नै अभ्यास गराए पनि साँझ बसेको बोर्ड बैठकले उनलाई बर्खास्त गरेको थियो । मंगलबारबाट टिम सोलारीले सम्हालेका छन् । उनी रियलको बोर्डले अर्को निर्णय नगर्दासम्मका लागि प्रशिक्षकको जिम्मेवारीमा हुनेछन् ।

रियल म्याड्रिडको खस्कँदो प्रदर्शनमा क्लबले मुख्य दोष लोपेटेगुईमाथि नै लगाएको छ । 'रियल म्याड्रिडमा कर्मचारीको स्तरमा एकरूपता देखिएन । त्यसको नतिजा हामीसामु स्पष्ट छ,' क्लबले विज्ञप्तिमार्फत भनेको छ । साथै, रियलले रोनाल्डो नभएर फरक नपर्नेतर्फ इंगित गर्दै क्लबमा राम्रा खेलाडी पर्याप्त भएको जनाएको छ । रियलले त्यसको समन्वय गर्न नसक्दा क्लब निरीह बनेको जनाएको छ । २०१८ को बालन डि'ओर अवार्डको मनोनयनमा रहेका अधिकांश खेलाडी रियल म्याड्रिडका छन् । अन्तिम ३० को सूचीमा ८ खेलाडी रियलका छन् । रियलले स्टार खेलाडीको समन्वय गर्न सके रियल खेलमा फर्कने विश्वास व्यक्त गरेको छ ।

रियल म्याड्रिडले प्रशिक्षक बर्खास्त गरेसँगै चेल्सीका पूर्वप्रशिक्षक एन्टोनियो कोन्टे र टोटनह्याम प्रशिक्षक माउरिसियो पोचेटिनो रियल आउने चर्चा सर्वाधिक छ । यद्यपि, इंग्लिस प्रिमियर लिगको मध्य सिजनमा पोचेटिनोले क्लब छोड्ने सम्भावना कमजोर रहेको इंग्लिस मिडियाले जनाएका छन् । तर, क्लबले केही दिन आफ्ना कार्यवाहक प्रशिक्षक सान्टिएगो सोलारीको खेललाई हेरेर मात्र निर्णय गर्ने जनाएको छ । गत सिजनमा चेल्सी पाँचौं स्थानमा सीमित भएपछि कोन्टेलाई चेल्सीले बर्खास्त गरेको थियो ।

# मनाङ सेमिफाइनलमा



भारतको सिक्किममा जारी गभर्नर्स गोल्डकपमा उत्कृष्ट प्रदर्शन गर्दै मनाङ मर्स्याङ्दी क्लबले सेमिफाइनलमा स्थान बनाएको छ । ग्यान्टोकस्थित पाल्चोर रंगशालामा मंगलबार भएको खेलमा कोलकाता कस्टम्सलाई ४–२ ले पराजित गर्दै मनाङले सेमिफाइनलमा स्थान पक्का गरेको हो ।

मनाङको जितमा विमल राना र सुजल श्रेष्ठले समान २ गोल गरे । मनाङ सुजलकै कप्तानीमा मैदानमा उत्रिएको थियो । सुरूवातबाटै खेलमा हाबी देखिएको मनाङले सातौं मिनेटमा विमलको गोलमार्फत खेलमा अग्रता लिएको थियो । तर, २५औं मिनेटमा मनाङ आत्मघाती गोलको सिकार बनेपछि पहिलो हाफमा १–१ को बराबरी गर्न कोलकाता सफल भयो । मनाङले ६८औं मिनेटमा खेलमा पुनः अग्रता बनायो । विमलले नै व्यक्तिगत दोस्रो गोल गरेपछि मनाङ आत्मविश्वासी बनेको थियो । तर, कोलकाताले ७७औं मिनेटमा दोस्रोपटक खेललाई बराबरीमा ल्यायो । तर, सुजलले ८२औं मिनेटमा गोल गर्दै मनाङलाई ३–२ को अवस्थामा पुऱ्याए । त्यसपछि पनि निरन्तर आक्रमण गरेको मनाङले सुजलकै गोलबाट अग्रता फराकिलो बनायो । प्रतियोगितामा नेपालबाट मनाङ र एपिएफले सहभागिता जनाएका थिए । एपिएफ भने पहिलो खेलबाटै बाहिरिएको थियो । मनाङ भने सोझै क्वार्टरफाइनल प्रवेश गर्न सफल भएको थियो ।

## रंगीन खबर

# लोक दोहोरीमा रमाउँदै रमिला



रमिला न्यौपाने १५ वर्षदेखि लोक तथा दोहोरी गायनमा सक्रिय छिन् । सिन्धुपाल्चोकको बाडेगाउँ तीनघरेमा जन्मिएर एसएलसीसम्मको अध्ययनपछि उनी उच्चशिक्षाका लागि काठमाडौं आएकी हुन् । त्यसैबेलादेखि सांगीतिक क्षेत्रमा लागेकी गायिका न्यौपानेले आजसम्म ३ सयभन्दा बढि गीत गाईसकेकी छिन् ।

लोक दोहोरीमा उनी पछिल्लो समयकी चलेकी गायिकामा गनिन्छिन् । न्यौपाने राष्ट्रिय लोक तथा दोहोरी प्रतिष्ठान नेपालकी प्रदेश नम्बर ३ की संयोजक समेत रहेकी उनी सुरुमा शास्त्रीय संगित अध्ययन गरे पनि पछि लोकदोहोरीमा स्थापित भइन् । भन्छिन्, 'ब्राम्हणकी छोरी भएकाले सानैदेखि गीतसंगितमा पारिवारिक साथ सहयोग थिएन । पढाईमा ध्यान दिन अभिभावकको दबाब हुन्थ्यो ।'

विद्यालय जीवनदेखि नै उनले गाउन थालेकी हुन् । काठमाडौं आइसकेपछि उनले रामहरी भण्डारीको शब्दमा रहेको 'हाम्रो घर त नुवाकोट' बोलको गीत पहिलोपटक रेकर्ड गराइन् । 'घरमा थाहा नदिई म्युजिक क्लास गइन्थ्यो । बिस्तारै पशुपति शर्मा, चन्द्र शर्मा लगायतका अग्रज कलाकार दाइ, सिर्जना बिरही थापा दिदीहरूको संगतले दोहोरीमा काम गर्न थालियो,' उनी एक दशकअघिको क्षण सम्भिन्छिन् ।

नाम र दाम कमाउने हुटहुटीले धेरै कलाप्रेमी यसक्षेत्रमा हाम फाल्छन् । तर यस क्षेत्रबाट आर्थिक रूपमा सन्तुष्ट हुनसक्ने र टिकिराख्न सक्ने सिमित कलाकारमध्येकी एक हुन् रमिला । सांगीतिक यात्राकै क्रममा उनी मुलुकभित्रका ४० भन्दाबढी जिल्लामा पुगिसकेको बताउछिन् । उनका अनुसार आधा दर्जन बढि देशमा उनले सांगितिक प्रस्तुती दिइसकेकी छन् ।

उनले गाएका 'भ्रमभ्रम दर्किंयो पानी', 'आज त भेट्न आउदिन है कालु', 'मैले तिमीलाई रोजिसक्या छु', 'ओम शिव शंकर भोला' लगायतका गीत चर्चित छन् । न्यौपानेले राष्ट्रियस्तरका अवार्ड तथा पुरस्कार समेत पाईसकेकी छन् ।

सफलता प्राप्तीका लागि निरन्तर संघर्ष अपरिहार्य भएको बताउने न्यौपानेको भन्छिन्, 'कुनैपनि क्षेत्रमा सफल हुनुछ भने संघर्ष अवश्य गर्नुपर्छ ।'

# डेढ करोड भ्युजमा चंगा चेटको केक




चंगा चेट फिल्ममा समावेश गोजीमा दाम छैन बोलको गीत युट्युबमा साढे एक करोडभन्दा बढीपटक हेरिएको छ । अबको शुक्रबार अर्थात् १६ कात्तिकबाट प्रदर्शन हुने फिल्मका निर्माताले डेढ करोड भ्युजको खुसियाली केक काटेका छन् ।

निर्माता माधव वाग्लेले फिल्मको गीतलाई दर्शकले अधिक मन पराएकाले खुसियाली मनाउन पार्टी गरेको बताए । मंगलबार पुतलीसडकस्थित क्याफे एभिन्युमा फिल्म निर्देशक दीपेन्द्र के खनाल, निर्माता वाग्ले, अभिनेत्रीद्वय सुरक्षा पन्त, परमिता राणा, संगीतकार-गायक राजनराज शिवाकोटीलगायत कलाकार उपस्थित थिए । कार्यक्रममा निर्माणपक्षले संगीतकार शिवाकोटीलाई ५० हजार रुपैयाँ पुरस्कार दियो । निर्देशक खनालले गीत सुपरहिट भएकाले हौसलास्वरूप संगीतकार तथा गायकलाई पुरस्कार दिइएको बताए । हरिहर तिमिल्सिनाले लेखेको सो गीतमा राजनराज, मेलिना राई र गृष्मा देवकोटाको स्वर छ ।

कमेडी जनराको फिल्ममा प्रियंका कार्की, आयुष्मान देशराज जोशी, सुरक्षा पन्त, रवीन्द्र भा, सन्दीप क्षेत्री, ऋचा शर्मा, परमिता राणालगायतले अभिनय गरेका छन् ।



पुकार भट्टराईको निर्माण र निर्देशनमा बनेको फिल्ममा सञ्चिता, सन्नीका साथमा सुवास मेचे, रवीन्द्रप्रताप सेन, पुकार भट्टराई, नवीन श्रेष्ठ, गणेश जिसी, देशभक्त खनाल, अनु भण्डारी, सुमेश श्रेष्ठ, बालदीप राईलगायत कलाकारले अभिनय गरेका छन् ।

# गुनगुनको चम्क्यो तारामा सञ्चिता

सामाजिक प्रेमकथानक फिल्म गुनगुनमा समावेश चम्क्यो तारा चमक्क बोलको गीत सार्वजनिक गरिएको छ । कात्तिक ३० गते प्रदर्शन हुने फिल्मको सो गीतमा सञ्चिता लुईंटेल र सन्नी ढकालले नृत्य गरेका छन् ।

दौलत राई र मेलिना राईले गाएको सो गीतमा विकास चौधरीको संगीत छ । गीत प्रदीप भट्टराईले लेखेका हुन् । रामजी लामिछानेले कोरियोग्राफी गरेको गीत सौरभ लामाले खिचेका हुन् ।

# प्रमोदको हजार गल्ती



चर्चित गायक प्रमोद खरेलको 'हजार गल्ती भेटे पनि लुकायौ नजरमा' बोलको गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ । सरला गाहा थापाको शब्दमा संगीत भने हितन शुक्रले भरेका छन् ।

म्युजिक भिडियोको निर्देशन रामकुमार बस्नेतले गरेका हुन् । जयराम थापाले छायांकन गरेको भिडियोको सम्पादन निराजन केसीले गरेका हुन् । गीतमा जितेन, प्रतीक्षा र सूर्यको अभिनय रहेको छ ।

# सबैले कुल्ची हिंड्थेको भिडियो

गायक सुरज मानन्धरको सबैले कुल्ची हिंड्थे बोलको गीतको भिडियो सार्वजनिक गरिएको छ । आनन्द अधिकारीले लेखेको गीतमा हरि लम्सालको संगीत छ ।

प्रेमपीडा भावयुक्त गीतको भिडियोमा प्रियंका कार्की र पुष्प खड्कालाई फिचर गरिएको छ । निकेश खड्काको निर्देशनमा बनेको भिडियो बुद्ध थापाले खिचेका हुन् । गायक सुरज यो गीत दर्शक स्रोताले मन पराउनेमा विश्वस्त छन् ।

## कर्पोरेट

# प्रभु बैंकको थानकोटमा शाखा

प्रभु बैंकले चन्द्रागिरि नगरपालिका, थानकोटमा नयाँ शाखा सञ्चालनमा ल्याएको छ । बैंकले नेपाल आयल निगमको डिपोलाई मध्यदजर गरी थानकोटमा शाखा सञ्चालनमा ल्याएको हो । शाखाको बागमती पेट्रोलियम डिलर्स एसोसिएसनका अध्यक्ष अच्युतबहादुर खड्काले उद्घाटन गरेका थिए । शाखाको उद्घाटन गर्दै अध्यक्ष खड्काले पेट्रोलियम पदार्थको कारोबार गर्ने डिलरहरूले आयल निगमलाई दिनुपर्ने रकम प्रभु बैंकको थानकोट शाखामा रहेको नेपाल आयल निगमको खातामा प्रभु बैंकको जुनसुकै शाखा कार्यालयबाट निःशुल्क रूपमा जम्मा गर्न सकिने बताए । यसले पेट्रोलियम पदार्थको कारोबार गर्ने व्यवसायीलाई कारोबारमा सहज भएको उनको भनाइ थियो ।

# मल्ल आइएमईको दसैं योजनाको पहिलो विजेता

रेमिटेन्स सेवाप्रदायक कम्पनी आइएमईले दसैं, तिहार र छठलाई लक्षित गर्दै ल्याएको 'दसैंमा २० लाख' योजनाअन्तर्गत नेत्रबहादुर मल्ल पहिलो विजेता बनेका छन् । क्योदाई रेमिटेन्स जापानबाट नेपालमा आइएमई गर्ने आइएमई सेवाग्राही मल्ल सफ्टवेयर पद्धतिमा आधारित 'लक्की ड्र'बाट पहिलो महिनाको विजेता घोषित भएका हुन् ।

मल्लले १ लाख रूपैयाँ नगद प्राप्त गर्ने कम्पनीले जनाएको छ । आइएमई केन्द्रीय कार्यालय पानीपोखरीमा कम्पनीका प्रमुख सञ्चालन अधिकृतहरू खिलेन्द्र पौडेल र रूद्रराज पौडेलले‍को उपस्थितिमा लक्की ड्र गरिएको कम्पनीले जनाएको छ । कम्पनीका अनुसार २०७५ साल असोज ७ गतेदेखि सुरु भई मंसिर मसान्तसम्म लागू हुने सेवाग्राहीमुखी यस योजनाअन्तर्गत अहिलेसम्म मासिक 'लक्की ड्र'बाट १ जना, साप्ताहिक 'लक्की ड्र'बाट ५ जना र दैनिक 'लक्की ड्र'बाट ३ सयजना सेवाग्राही विजेता घोषित भइसकेका छन् ।

योजना अवधिभर कारोबारलाई आइएमईको सफ्टवेयर पद्धतिमा लिंक गरी 'लक्की ड्र'बाट छनोट हुने विजेतामध्ये हरेक दिन १० जना भाग्यशाली सेवाग्राही लाई 'आइएमई पे'मार्फत १ हजार रूपैयाँको बिलभुक्तानी, हरेक हप्ता १ जना भाग्यशाली सेवाग्राहीलाई १० हजार रूपैयाँ, हरेक महिना १ जना भाग्यशाली सेवाग्राहीलाई १ लाख रूपैयाँ नगद तथा बम्परमा १ जना भाग्यशाली सेवाग्राहीलाई २० लाख रूपैयाँ नगद प्रदान गरिने कम्पनीले जनाएको छ । कम्पनीले देशभरमा १ सय ८४ आइएमई सेन्टरसहित ७७ जिल्लाका ८ हजार ५ सयभन्दा बढी सब-एजेन्ट र बैंक तथा वित्तीय संस्थाका शाखामार्फत विदेशबाट नेपालमा विप्रेषण भित्र्याउँदै आएको जनाएको छ ।

# रूपन्देहीको संस्थालाई कृषि विकास बैंकको सहयोग

कृषि विकास बैंकले रूपन्देहीको मोतीपुर खानेपानी उपभोक्ता सरसफाइ संस्थालाई कम्प्युटर सहयोग गरेको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत लीलाप्रकाश सिटौलाले संस्थालाई कम्प्युटर हस्तान्तरण गरेका हुन् ।

समारोहमा प्रमुख कार्यकारी अधिकृत सिटौलाले ५१ वर्षअगाडि कृषकको आर्थिक समृद्धिका लागि स्थापित कृषि विकास बैंकले हाल आधुनिक प्रविधिमार्फत नेपालको कुल जनसंख्याको २५ प्रतिशत जनतालाई आधुनिक तथा भरपर्दो बैंकिङ सेवा प्रदान गर्दै आएको दाबी गरे । उनले दूरदराजमा रहेका किसानलाई बैंकिङ सेवा प्रदान गर्दै उनीहरूको क्षमता वृद्धिका लागि विभिन्न वित्तीय साक्षरता, सामाजिक सामुदायिक कार्यक्रम एवं तालिमसमेत प्रदान गर्दै आएको बताए ।

कार्यक्रममा बैंकका उपमहाप्रबन्धक प्रताप सुवेदी, भैरहवाका क्षेत्रीय निर्देशक मीनराज पोखरेल, बैंकका प्रवक्ता हिमलाल पौडेललगायतको उपस्थिति रहेको बैंकले जनाएको छ ।

# विश्वकप क्रिकेट ट्रफी चन्द्रागिरिमा

चन्द्रगिरिमा रहेको पृथ्वीनारायण शाहको सालिकसँगै विश्वकप क्रिकेट ट्रफी राखेर प्रदर्शन गरिएको छ । अन्तर्राष्ट्रिय क्रिकेट परिषद्ले चारदिने भ्रमणका लागि नेपाल ल्याइपुऱ्याएको ट्रफी चन्द्रागिरि हिल्सको सक्रियतामा आइतबार चन्द्रागिरिमा प्रदर्शन गरिएको थियो । उक्त ट्रफी काठमाडौंको स्वयम्भू र पोखरामा प्रदर्शनमा राखेपछि चन्द्रागिरि पुऱ्याएको थियो । विश्वका ५ महादेश, २१ देश र ६० स्थानमा प्रदर्शन गरिने उक्त ट्रफी नेपालमा प्रदर्शन गरिएको हो ।

चन्द्रागिरि डाँडामा चन्द्रागिरि हिल्स लिमिटेडले भालेश्वर महादेव मन्दिर, सत्तल, भ्यू टावर, चिल्ड्रेन पार्क र सेमिनार हलगायतका पूर्वाधार निर्माण गरेर एकीकृत पर्यटकीय गन्तव्यका रूपमा विकास गरिरहेको छ ।

# सानिमा इन्स्योरेन्सको विराटनगरमा शाखा

सानिमा जनरल इन्स्योरेन्सले विराटनगरमा शाखा सञ्चालनमा ल्याएको छ । शाखाको उद्घाटन कम्पनीका सञ्चालक खेमराज लामिछानेले गरेका थिए ।

कम्पनीका सहायक महाप्रबन्धकहरू राजु पौडेल तथा अनिलराज गिरीको उपस्थिति रहेको कार्यक्रममा कम्पनीले चालू आवमा देशभरमा थप २० शाखा सञ्चालनमा ल्याउने जानकारी दिइएको थियो ।

कम्पनीले मोटर, घर, कलकारखाना, जलविद्युत्, कृषि तथा पशुबिमा र लघुबिमालगायत सबै प्रकारका निर्जीवन बिमा गर्दै आएको जनाएको छ ।

# मानेभञ्ज्याङमा एनआइसी एसियाको शाखा

एनआइसी एसिया बैंकले संखुवासभाको खाँदबारी नगरपालिका मानेभञ्ज्याङमा नयाँ शाखा सञ्चालनमा ल्याएको छ । शाखाको नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौलाले उद्घाटन गरेका थिए ।

समुद्घाटन समारोहमा प्रमुख अतिथि निरौलाले सम्पूर्ण स्थानीय निकायमा वाणिज्य बैंकहरूको शाखा कार्यालय खोल्ने नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको अभियानमा सहभागी भई शाखा सञ्चालनमा ल्याएकोमा प्रशंसा गरेका थिए । बैंकले देशभरमा २ सय ६४ शाखा, २ सय ६० एटिएम, २६ एक्सटेन्सन काउन्टर एवं १८ शाखारहित बैंकिङमार्फत सेवा दिँदै आएको छ । एनआइसी एसियाले देशकै सबैभन्दा ठूलो सञ्जाल भएको दाबी गरेको छ ।

सेकाहा, पाङ्मा, चन्दनपुर र चेवालगायतका ग्रामीण बस्तीहरूमा बैंक नभएको अवस्थामा मानेभञ्ज्याङमा एनआइसी बैंक शाखा कार्यालयको स्थापनाले स्थानीयलाई सहज हुने शाखा प्रबन्धक इश्वर कटुवालले बताए ।

## तर नराम्रो....

हुनाले ओली नेतृत्वको सरकारलाई असफल सावित गराएर सत्ताको बागडोर आफ्नो हातमा लिने प्रयासमा पुष्पकमल दाहाल लागेको आभाससम्म पाउन थालिएको छ । पाँच वर्षको म्यान्डेट पाएको सरकारले आठ नौ महिनामै सबै काम गर्न सक्दैन भन्ने हेक्का नेकपाका नेताहरूमा हुनु पर्ने होइन र ?

पछिल्लो समयमा ओली सरकारलाई अनुचित घेराबन्दीमा पार्ने प्रयासमा सत्ताधारी दलकै नेताहरू लागिपरेका छन् । सरकारको नियत बुझ्नुपर्नेमा नियतिमा बुझ्न खोजिएको छ । सरकारले राम्रा काम गर्न नसकेपनि राष्ट्रहित विपतिरका कार्यहरू भने गरेको छैन । मुलुक डुब्न लाग्यो भनेर कराई हाल्ने अवस्था नभएपनि अहिलेकै अवस्थामा ढुक्क भएर बस्ने अवस्था भने छैन । मुलुक एकात्मक राज्यव्यवस्थाबाट संघीयतामा गएको छ । मुलुकको लागि संघीयता आवश्यक थियो कि थिएन भनेर राजनीतिक दलहरूले पहिला नै छलफल र बहस चलाएका भए अहिलेको जस्तो अप्ठ्यारो परिस्थिति आउने नै थिएन । तर राजनीतिक दलहरूले कसैको निर्देशन र केही पश्चिमा राष्ट्रहरूको दबावमा विना बहस विना छलफल विनै मुलुकमा संघीयता लादेका हुनाले संघीयताकै कारण मुलुकमा अहिले विषम् परिस्थिति उत्पन्न भएको हो । यस्तो परिस्थिति उत्पन्न हुनुमा ओली सरकार दोषी होइन राजनीति दल र व्यवस्था नै दोषी रहेको छ । मुलुकमा शान्ति सुरक्षाको अवस्था राम्रो नभएको र सुरक्षा निकायमा समेत राजनीतिक कारण गरिएको हुनाले सुरक्षा निकायले सन्तोषजनक काम गर्न सकिरहेका छैनन् त्यसैका प्रमाण हो निर्मला पन्तको हत्याराहरू आजसम्म कानुनी दायरामा ल्याउन नसक्नु ।

पछिल्लो समयमा प्रदेश सरकार हरूसमेत संघीय सरकारमाथि खनिन थालेका छन् । उनीहरूका अनुसार आफूहरूले अधिकार नपाएको गुनासो पोखीरहेका छन् । संविधानले अधिकार दिएपनि त्यस्ता अधिकार प्रयोग गर्न केन्द्र सरकारले नदिएको आरोप उनीहरूले लगाईरहेका छन् । संविधानले नै तिनै तहका सरकारलाई अधिकार दिएको र त्यस्ता अधिकारहरूको बाँडफाँड समेत गरिदिएको हुनाले प्देश सरकारहरूले आफूले पाएको अधिकार प्रयोग गर्नुको बदला केन्द्र सरकारलाई दबाब दिनु किमार्थ उचित हुन सक्दैन । एकात्मक व्यवस्थाबाट संघीयतामा जाँदा केही अप्ठ्याराहरू आउनु स्वाभाविक भएपनि त्यसलाई विस्तारै समाधानको बाटोतर्फ लैजानु आवश्यक छ । नेपालजस्तो सानो अर्थतन्त्र भएको मुलुक र भौगोलिक अवस्था समेत जटिल रहेको देशमा संघीयता नै आवश्यक थिएन, छैन त्यसैले अब संविधान संशोधन गरि संघीयता खारेज गर्नु नै उपयुक्त समाधान हुन सक्छ । केन्द्र सरकारले स्थानीय तहलाई प्रर्याप्त अधिकार र आर्थिक सहयोग गरेको खण्डमा विचौलियाको रूपमा रहेको प्रदेश सरकार आवश्यक पर्दैन । त्यसैले अब सबै राजनीतिक दलहरू एकै ठाउँमा उभिएर संविधान संशोधन गरि प्रदेशसभा खारेज गरिनु आवश्यक छ मुलुकले विकास निर्माण खोजेको बेला सबै राजनीतिक दलहरू र पूर्वराजा सहितको सहयोग र समर्थन लिएर ओली सरकार अघि बढ्नु आवश्यक छ । पूर्वराजाले प्रधानमन्त्री विरामी हुँदा आफ्ना सचिवलाई अस्पतालमै पठाएर प्रधानमन्त्रीको स्वास्थ्य अवस्थाको जानकारी लिएर राजनैतिक संस्कार देखाएका छन् । के नेताहरूले त्यस्तो संस्कार अनुशरण गर्नुपर्दैन ?

## जनताका...

गर्नुपर्ने बाध्यता जनतामा रहेको छ । खास गरेर कञ्चनपुरकी १३ वर्षीय बालिका निर्मला पन्तको बलात्कार र हत्यापछि प्रहरीप्रतिको विश्वास जनतामा घट्दै गएको छ । कञ्चनपुरमा भएको बलात्कार र हत्यामा संलग्न भएका अपराधीहरूलाई प्रहरीले जतिसक्दो छिटो पक्राउ गरी कानुनी दायरामा ल्याउन सकेको खण्डमा प्रहरीमाथि लागेको दाग हट्न सक्छ । सरकारले सेवाबाट बर्खास्त गरेका तत्कालिन कञ्चनपुर जिल्ला प्रहरी कार्यालयका प्रमुख एसपी डिल्लीबहादुर विष्टले आफूले चिफ साहेब प्रहरी महानिरीक्षककै आदेशमा काम गरेको भन्ने अभिव्यक्ति दिएको हुनाले त्यो कस्तो काम हो त्यसको जवाफ प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले दिने कि ? वर्खास्त गरिएका विष्ट र प्रहरी निरीक्षक जगदिश भट्टलाई भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी बर्खास्त गर्नुले उनीहरूले पेन्सन लगायतका सबै सुविधा पाउन सक्ने र अदालतबाट उनीहरूले सफाई पाउन सक्ने भएकाले त्यो निर्णय नै त्रुटीपूर्ण रहेको छ । नेपाल प्रहरीले त्यसैकारण सबैभन्दा पहिला पन्तको बलात्कार र हत्याको अनुसन्धानमा गठन गरेका सबै निलम्बित प्रहरी अधिकृत र जवानलाई पक्राउ गरी सत्यतथ्य बाहिर ल्याउन सकेको खण्डमा मात्र प्रहरीले चलाउने अभियान सफल हुन सक्छ त्यसबेला जनताले प्रहरीलाई सहज रूपमा साथ दिन सक्छन् । विष्ट र भट्टलाई बर्खास्त गरिएपनि अन्य निलम्बित प्रहरीहरूलाई के कारबाही गरिएको छ त्यसको जानकारी जतिसक्दो छिटो प्रहरी नेतृत्वले बाहिर ल्याउनु आवश्यक छ प्रहरीमाथि लागेको कालो धावा हटाउनका लागि नेपाल प्रहरीको व्यवहार चरित्र र आनीबानीको सुधारको आवश्यक छ । त्यसबेला मात्र जनताले प्रहरीलाई साथीको रूपमा हेर्न सक्छन् ।


**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरुः**

- **हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयासम्म जरिबाना हुने,**
- **सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,**
- **सार्बजनिक सेवा अबरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,**
- **सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्बन्धलाई खलल पार्ने नियतले झुठ्ठा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुने।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


## सहभागी...

संविधान संशोधन गर्ने प्रक्रिया सुरू भएको खण्डमा सरकारमा सहभागि हुने जानकारी प्रधानमन्त्रीसहित दाहाललाई दिएका छन् । राजपाले संघीय समाजवादी पार्टीले पाएसरह दुई मन्त्रालय र दुई मन्त्री सहित दुई राज्यमन्त्री दिनुपर्ने माग अध्यक्षद्वयसँग गरिकेको छ । राजपा विभिन्न ६ वटा पार्टी मिलेर गठन भएको पार्टी भएको र राजपामा अहिले अध्यक्ष मण्डलको ६ अध्यक्ष भएकाले कसलाई मन्त्री बनाउने र राज्यमन्त्री कसलाई बनाउने भन्नेमा सहमति हुन सकेको छैन । राजपामा अध्यक्ष मण्डलमा रहेकाहरूमा महन्थ ठाकुर, राजेन्द्र महतो महेन्द्र राय, शरतसिंह भण्डारी, राजकिशोर यादव र अनिल झा रहेका छन् । अध्यक्ष मण्डलमा रहेका सबै प्रतिनिधिसभाको निर्वाचनमा प्रत्यक्षतर्फबाट निर्वाचित भएका छन् भने अब सरकारमा सहभागि हुने भए आ आफ्नो गुटको दाबेदारी प्रस्तुत गर्नेछन् भने को को मन्त्री हुनेमा भने समस्या देखिएको छ ।

राजपाभित्र पनि एकमत छैन । महन्थ ठाकुर र राजेन्द्र महतोबीच विवाद रहेको छ । राजपाले आउँदो २०७६ बैशाखमा पार्टीको महाधिवेशन गर्ने निर्णय यसअघि नै गरिसकेको हुनाले सरकारमा सहभागि भए सरकारबाट महाधिवेशनमा प्रभाव पारी आफ्नो पक्षले निर्वाचन जित्ने रणनीतिका साथ अघि बढ्न सक्ने सम्भावना भएकाले महाधिवेशन अघि र संविधान संशोधन नभएसम्म सरकारमा सहभागि हुन नहुने तर्क अध्यक्ष मण्डलका नेताहरूले गर्ने गरेका हुनाले तत्कालै राजपा सरकारमा सहभागि हुन सक्ने आशंका उब्जिएको छ । आफ्नो पार्टीको बहुमत हुँदाहुँदै नेकपालाई अन्य पार्टीलाई सकारमा सहभागि गराउन किन आवश्यक पऱ्यो भनेर नेकपाको कोही नेताहरूले नबोलेका भएपनि प्रदेश नं. २ मा संघीय समाजवादी फोरम र राजपाको सरकार भएको हुँदा अब राजपालाई समेत सरकारमा लगेको खण्डमा प्रदेश नं. २ मा समेत नेकपाको प्रभाव बढाउन सक्ने आंकलन गरेर अध्यक्षद्वय ओली र पुष्पकमल दाहालले त्यही रणनीतिका आधारमा राजपालाई समेत सरकारमा सहभागि गराउने रणनीति लिएको नेकपाका एक नेताले बताएका छन् । तर राजपाले हालसम्म कुनै निर्णय नलिएको नेकपाका एक नेताले बताएका छन् । तर राजपाले हालसम्म कुनै निर्णय नगरेको हुनाले आहिलेकै अवस्थामा राजपा ओली नेतृत्वको सरकारमा सहभागि भइहाल्छ भन्नेमा शंका उब्जिएको छ ।

## गृहमन्त्रीको...

अपराधीहरूको सुइको सम्म पाउन सकेको छैन । सरकारले अनुसन्धानका लागि एकपछि अर्को समिति बनाएपनि त्यस्ता समितिहरूले समेत अपराधमा संलग्न भएकाहरूको पत्तो लगाउन सकेको छैन । गृह मन्त्रालयले मन्त्रालयका सहसचिव हरिप्रसाद मैनालीको संयोजकत्वमा छानविन समिति बनाएको थियो सो समितिले समेत अपराधीहरूको पत्तो लगाउन सकेन र तत्कालिन कञ्चनपुरजिल्ला प्रहरी कार्यालयका प्रमुख एसपी डिल्लीराज विष्टले चरम लापरबाही गरेको भन्दै आफ्नो प्रतिवेदन गृहमन्त्रीलाई बुझाईसकेको छ । त्यही प्रतिवेदनका आधारमा गृहमन्त्रालयले एसपी विष्ट र वडा प्रहरी कार्यालयका प्रमुख जगदीश भट्टलाई सेवाबाट बर्खास्त गरेको छ भने उनीहरूलाई भविष्यमा सरकारी जागिरको लागि अयोग्य नठहऱ्याइने र सबै सुविधा पाउने निर्णय गरेपछि फेरि कञ्चनपुरबासीहरूले आन्दोलन सुरू गरेका छन् ।

दसैंको बेला स्थगित गरिएको आन्दोलन फेरी सुरू भएको छ । सोमबार पिडित परिवार स्थानीय जनता र महिलाहरूले अपराधीको चाडो पत्तो लगाउन माग गर्दै प्रमुख जिल्ला अधिकारीमार्फत गृहमन्त्रीलाई ज्ञापनपत्र समेत दिएका छन् । स्थानीयबासिन्दाको आइतबार बसेको बैठकले ऱ्यालीसहित प्रदर्शन गरेर प्रजिअमार्फत गृहमन्त्री रामबहादुर थापालाई ज्ञापनपत्र बुझाउने निर्णय गरेका थिए । ऱ्यालीमा गाउँ गाउँबाट आएका महिलाहरूको ठुलो मात्रामा उपस्थिति रहेको थियो । प्रमाण नष्ट गर्ने दोषीलाई कानुनी कारबाही गरिनुपर्ने भन्दै विभागीय कारबाहीले मात्र नपुग्ने ज्ञापनपत्रमा उल्लेख गरिएको छ । उच्चस्तरीय छानविन समितिले आफ्नो प्रतिवेदनमा औल्याइएका शंकास्पद व्यक्तिहरूको सुक्ष्म अनुसन्धान गरी अपराधीलाई कानुनी दायरामा ल्याउन ज्ञापनपत्रमा माग गरिएको छ ।

पन्तको हतयामा संलग्न भएकाहरूको पत्तो नलागेसम्म दबावमूलक रूपमा नारा जुलुस गर्ने भन्दै जुलुसले गृहमन्त्रीको राजीनामा समेत माग गरेको थियो । तिहार र छठ पर्वसम्म विरोधका कार्यक्रम स्थगित गरेपनि छलफल खबरदारी, भेटघाट, अन्तरक्रिया भने जारी राख्ने निर्ण आन्दोलन समितिले गरेको छ । छठसम्ममा पनि अपराधी पत्तो नलगाएको खण्डमा कडा आन्दोलन गर्ने चेतावनी संघर्ष समितिले दिएको छ । त्यस विषयमा उच्चस्तरीय छानविन समिति र राष्ट्रिय मानवअधिकार आयोगले छानविन गर्दा आयोगको अध्ययनमा समेत अनुसन्धानमा व्यापक लापरबाही भएको र त्रुटी भएको औल्याइएको थियो । विष्टसहित निलम्बनमा परेका अन्य प्रहरीका बारेमा भने सरकारले आजसम्म कुनै निर्णय गर्न नसकेको हुनाले पन्तको हत्या अझ शंकास्पद हुँदै गएको छ ।






सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७८०२९५, मो. : ९८४१२५४८८५ • इमेल : abhiyan.weekly@yahoo.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार